गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को त्रैमासिक प्रकाशन

NRN Non-Resident Nepali Association

For Nepali By Nepali

Global Nepali

Issue 11, June - August, 2012 अंक ११, असार-भदौ, २०६९

भित्र


- आवरण: १-३
- विचार: आर्थिक वातावरण बन्दैछ ४
  -सुरज वैद्य
- लेख: अफ्रिकामा नेपाली ४
  -हिक्मत थापा
- विशेष अन्तर्वार्ता: मातृभूमिप्रतिको कर्तव्य पूरा गरौं ५
  -डा. उपेन्द्र महतो
- रिपोर्ट: विदेशको सीप स्वदेशमा लगानी ७
- समाचार: ८-१०
- गतिविधि: ११




आवरण

# बढ्दैछ लगानी

दुई वर्षअघि वैदेशिक रोजगारीबाट फर्किएका ७ युवाले शुरु गरेको मह एग्रिकल्चर प्रालि अहिले जाँगरिलाहरूको लागि प्रेरणाको स्रोत बनेको छ। इजरायलको कृषि फार्ममा काम गरेका युवाहरूले स्वदेशमा विदेशी प्रविधिबाट तरकारी उत्पादन थालेपछि त्यसले मुलुकमा नयाँ उत्साह ल्याएको छ *(हेर्नुहोस् रिपोर्ट, पृ.७)*। विदेशमा सिकेको सीप र कमाएको धनले स्वदेशको मुहार फेर्ने अभियान शुरु गरेको यो एउटा उदाहरण हो। गैरआवसीय नेपालीहरू अहिले सामूहिक लगानी भित्र्याएर मुलुकको पूर्वाधार निर्माणमा योगदान दिने योजनामा छन्।

सन् २०१२/१३ लाई नेपालले लगानी वर्ष घोषणा गरेको सन्दर्भमा गैरआवासीय नेपालीहरूले भित्र्याउने पुँजीले विदेशी लगानीकर्ताहरूलाई समेत आकर्षित गर्ने नेपाली अधिकारीहरूको भनाइ छ। लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राधेश पन्त आफूहरू गैरआवासीय नेपालीहरूलाई सामूहिक लगानीको लागि प्रेरित गर्ने र त्यसमा सकेसम्म सुविधा प्रदान गर्ने बताउनुहुन्छ। विदेशी लगानीलाई स्वागत गर्ने क्रममा गैरआवासीय नेपालीलाई भावनात्मक रुपले पनि सरकारले महत्व दिने अर्थसचिव कृष्णहरि बास्कोटाको भनाइ छ।

### बढ्दो क्षमता

२००३ मा पहिलो पटक संगठित भएयता नेपालमा लगानी गर्ने गैरआवासीयहरूको क्षमता विस्तार हुँदै गएको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए)का सल्लाहकार एवं पूर्वप्रवक्ता डा. जुगल भुर्तेलका अनुसार पहिलो सम्मेलनबाट नै 'क्षमता हुनेहरूले नेपालमा लगानी गर्नुपर्छ' भन्ने भावनाको विकास गरेको हो। शुरुमा मस्कोमा व्यवसाय गरेर बसिरहेका नेपालीहरूले सानिमा ग्रुप स्थापना गरी सामूहिक लगानीको शुरुवात गरेका थिए। यो समूहले नेपालमा ब्याङ्किङ, सञ्चार, स्वास्थ्य, जलविद्युत लगायतका क्षेत्रमा लगानी गरेको छ।

गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोको अगुवाईमा स्थापित सानिमाले पहिलो पटक सुनकोशीमा २.५ मेगावाटको जलविद्युत आयोजना निर्माण गऱ्यो। अहिले इलामको माइखोलामा २२ र ७ मेगावाटका दुई आयोजना निर्माणाधीन छन्। करीब ४ अर्ब रुपैयाँ हाराहारी लगानी भएका यी आयोजनामा विश्वभरका गैरआवासीय नेपालीहरूको लगानी समेट्न प्रयत्न भएको जानकारी सानिमा ग्रुपका सदस्यसमेत रहेका डा. भुर्तेलले दिनुभयो। सानिमा ग्रुप अहिले तमोर नदीमा ठूलो जलविद्युत आयोजनाको अध्ययन र पीपीए गरेर उत्पादन अनुमतिपत्रका लागि सरकारमा आवेदन दिएर प्रतीक्षामा बसेको छ। न्यूनतम २९० देखि ४१५ मेगावाटसम्म विद्युत उत्पादन हुने यो आयोजनाको जडित क्षमता कति राख्ने र कति मेगावाट विद्युत उत्पादन गर्ने भनेर निर्क्योल हुन बाँकी छ। पूर्ण क्षमता भन्दा कम राख्दा सुक्खायाममा फर्म ऊर्जा बढी आउने भएकाले जडित क्षमता पूरै राखे पनि अहिलेको उत्पादन भने केही कम गरेर भविष्यमा भारतलाई बिक्री गर्ने अवस्था आए पूर्ण क्षमतामा सञ्चालन गर्ने तयारी गरिएको छ।

२.५ मेगावाट क्षमताको आयोजनाबाट विस्तार हुँदै अर्बौं लगानीका परियोजनाहरूमा हिम्मत गर्नुका पछाडि गैरआवासीय नेपालीहरूको मातृभूमिप्रतिको सम्मान खास कारणका रुपमा रहेको छ। गैरआवासीय नेपालीमाझ आफैं सर्भे, डिजाइन र निर्माणसम्म गर्न सक्ने प्राविधिक जनशक्ति समेत भएकाले राज्यले अझ धेरै लाभ लिनसक्ने देखिन्छ। जापानमा बस्ने गैरआवासीय नेपाली महेशकुमार प्रधान लगायतको संलग्नतामा सिन्धुपाल्चोकमा १ मेगावाटको हाँडीखोला, २३ मेगावाटको माथिल्लो चाकु र मिस्त्री खोला ४२ मेगावाट जलविद्युत आयोजना समेत निर्माणमा छ। विश्वभर छरिएर रहेका नेपालीहरूको थोरै बचतलाई एकीकृत गरेर लगानी गर्ने वातावरण बनाए त्यसबाट पनि सयौं मेगावाटका जलविद्युत आयोजनाहरू निर्माण हुन सक्ने सम्भावना रहेको जानकारहरू बताउँछन्।

नेपालका निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अधिकारीहरू पनि विदेशमा बसेका नेपालीहरूबाट हुने संयुक्त लगानीले मुलुकको उन्नतिमा ठूलो टेवा हुने बताउँछन्। "एकै पटक दशौं करोड डलरको कुरा गर्नुभन्दा गैरआवासीय नेपालीहरूबाट प्रतिव्यक्ति ४/५ हजार डलर नै भित्रिएर त्यसको सही सदुपयोग हुन सक्यो भने पनि राम्रो नतिजा निकाल्न सकिन्छ", नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज बैद्य भन्नुहुन्छ।

मस्कोबाट शुरु भएको सामूहिक लगानीको प्रयास अहिले विस्तारित हुँदो छ। गैरआवासीय नेपालीहरूले स्वदेशमा गरेको लगानीको एउटा सुन्दर पक्ष, उनीहरूले


> 'अन्तर्राष्ट्रिय स्तरमै स्थापित व्यवसायीको रूपमा उदाइरहेका नेपाली लगानीकर्ताहरू मातृभूमिको समृद्धिप्रति जिम्मेवार र संवेदनशील पाएको छु'



**– युवराज खतिवडा**
गर्भनर, नेपाल राष्ट्र बैंक

# ‘लगानीलाई सधैं स्वागत’

**कृष्णहरि बास्कोटा**
अर्थ सचिव



गैरआवासीय नेपालीहरूको लगानीलाई सरकारले कसरी हेरेको छ ?

हामीले सन् २०१२ र १३ लाई लगानी वर्षको रूपमा घोषणा गरेका छौं। त्यो सन्दर्भमा ठूलो आर्थिक समृद्धि हासिल गर्न हामीलाई स्वदेशी लगानीले मात्र पुग्दैन, विदेशी पुँजी जरुरी हुन्छ। त्यसमा विदेशमा बसिरहेका नेपालीहरूबाट हुने लगानीलाई हामी उच्च स्वागत गर्दछौं। एकातिर त्यो प्रत्यक्ष वैदेशिक लगानी हो भने अर्कोतर्फ नेपालीले नै गर्ने भएकाले त्यसको भावनात्मक सम्बन्ध र महत्व पनि रहन्छ। त्यसैले सरकारले गैरआवसीय नेपालीहरूले स्वदेशमा गर्ने लगानीलाई उच्च महत्वको दृष्टिले हेरेको छ।

गैरआवासीय नेपालीले गर्ने लगानीलाई कुनै विषेश सुविधा हुन सक्छ ?

गैरआवसीय नेपालीहरूले यो नेपाली माटोको वास्तविकता नजिकबाट बुझ्ने भएकाले उहाँहरूलाई कुनै विषेश व्यवस्था गरेर स्वदेशमै लगानीवापत आत्मसम्मानको अनुभुति हुने अवसर दिन सकिन्छ।

अहिलेसम्म गैरआवासीय नेपालीहरूले गरेको लगानीलाई सरकारले कसरी हेरेको छ ?

अपेक्षा अनुरूपको लगानी आइसक्यो भन्ने अवस्था छैन। तर, यो बढ्दो र विस्तारिंदो अवस्थामा रहेकाले हामीले आशावादी भएर प्रतीक्षा गरेका छौं। अहिले गैरआवासीय नेपालीहरूको व्यावसायिक क्षमतामा पनि राम्रो सुधार आएको छ। त्यसैले लगानी वर्षको सन्दर्भमा लगानी बोर्डले तयार गर्न लागेका ५० ठूला परियोजनाहरूमा गैरआवासीय नेपालीहरूलाई पनि समावेश गरेर केहीमा उनीहरूको लगानी ल्याउनु पर्छ।

सरकारले गरेका धेरै प्रतिवद्धता पूरा गरेको छ त ?

हामीले आर्थिक वर्ष २०६८/६९ को बजेटमा गैरआवासीय नेपालीलाई २ लाख अमेरिकी डलर भन्दा बढीका अपार्टमेन्ट खरीद तथा शेयर बजारमा लगानी गर्न दिने घोषणा गरेका थियौं। त्यसअनुरूप अर्थमन्त्रालयले आवश्यक प्रक्रिया पूरा गरेर भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई अपार्टमेन्टमा लगानी गर्ने कार्यविधि तयार गरी मन्त्रिपरिषद्बाट पारित गराउन धेरै पटक ताकेता पनि गरिसकेका छौं। के कारण ढिलाई भएको भन्नेबारे जानकारी आएको छैन। यस्तै शेयर बजारमा लगानी गर्नेबारे नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज र शेयर दलालहरूले छलफल गरेर राय दिने भनेकोमा त्यसमा पनि ढिलाई भएको छ।

विदेशमा काम गरेर सीप सिकेका नेपालीहरूबाट कसरी लाभ लिने भन्नेबारे सरकारको कुनै योजना छ ?

विदेशमा सीप सिकेका नेपालीहरूबाट हामीले ठूलो अवसर लिन सक्छौं। त्यसैले उनीहरूका लागि अनुकुल वातावरण बनाउन हामी तयार छौं। तर, उनीहरूले आफ्नो दक्षताअनुसार के काम गर्न खोजेको र त्यसमा सरकारले कस्तो वातावरण बनाउन आवश्यक छ भनी प्रस्ताव पेश गरेमा हामी सहयोग गर्न सदैव तयार छौं। ■

एकपटक गरेको लगानी फेरि बाहिर नजानु हो। पछिल्लो समय जापान, अमेरिका, अष्ट्रेलिया जस्ता मुलुकमा बसेका नेपालीहरूले स्वदेशमा ठूलो आकारको लगानी भित्र्याउन थालेका छन्। गैरआवासीय नेपालीहरू मार्फत नेपालमा ५०औं करोड अमेरिकी डलर लगानीको रुपमा भित्रिसकेको अनुमान भए पनि यसको वास्तविक आँकडा तयार हुन सकेको छैन।

सामूहिक लगानी विषेशगरी ऊर्जा क्षेत्रमा नै केन्द्रित छ। नेपालमा जलविद्युतको प्रचूर सम्भावना भएको र त्यसबाट मुलुक तथा लगानीकर्ता दुवैलाई फाइदा पुग्ने भएकाले त्यतातिर आकर्षण बढेको आर्थिक क्षेत्रका जानकारहरू बताउँछन्। गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय समितिले लगानी वर्षको सन्दर्भमा विश्वभरका नेपालीहरूलाई समेटेर एउटा कोष तयार गरी मातृभूमिमा लगानी गर्ने अभियान चलाइरहेको छ। यस क्रममा रसियाबाट नगद संकलन समेत शुरु भइसकेको छ।

नेपाली कामदारहरू धेरै भएको खाडी मुलुक युनाइटेड अरब इमिरेट्स (युएई) मा गत ३ अगष्टमा सम्पन्न अन्तर्क्रियामा एनआरएन युएईले सामूहिक लगानीका लागि एकैदिन साढे तीन करोड रुपैयाँ संकलन गर्‍यो। “नयाँ योजना मात्र घोषणा गर्नुभन्दा पहिले गरिएको प्रतिवद्धता पूरा गर्नुलाई प्राथमिकतामा राखिएको छ” संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष जीवा लामिछाने भन्नुहुन्छ (*हे. बक्स*)।

### व्यक्तिगत लगानी पनि बढ्दो

सामूहिकसँगै नेपालमा गैरआवासीय नेपालीहरूको व्यक्तिगत लगानी पनि बढ्दो छ। आफ्नो ज्ञान र क्षमताअनुसार लगानी आइरहेको हो। विदेशमा सिकेको सीपबाट सानो आकारमा लगानी गर्नेहरूले विभिन्न घरेलु तथा कुटिर उद्योग खोली गाउँ ठाउँमा स्वरोजगारीको बाटो देखाइरहेका छन्।

ठूलो औद्योगिक लगानी गर्नेहरूको आकर्षण जलविद्युत र पर्यटन क्षेत्रमा छ। मुलुकको भौगोलिक अवस्थाले ती दुई क्षेत्रको सम्भावना धेरै देखाएकाले गैरआवसीय नेपाली लगानीकर्ताहरू त्यसतर्फ आकर्षित भएका हुन्। नेपाल वायु सेवा निगम धराशयी बन्दै गइरहेका बेला गैरआवासीय नेपाली संघका कोषाध्यक्ष भुवन भट्ट अन्तर्राष्ट्रिय उडानका लागि विवि एयरलाइन्स सञ्चालनको तयारीमा हुनुहुन्छ। कोषाध्यक्ष भट्टले स्टार बियर उत्पादन गर्दै आएको हेटौंडास्थित युनाइटेड ब्रुअरी समेत खरीद गर्नुभएको छ। यस्ता म्यानुफ्याक्चरिङ क्षेत्रमा निजी क्षेत्रको लगानी विस्तार कुनै पनि देशको औद्योगिकीकरणका महत्वपूर्ण हुन्छ।

गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक तथा निर्वतमान अध्यक्ष देवमान हिराचनको सक्रियतामा एनआरएनहरूको संयुक्त लगानीमा ग्लोबल इन्भेष्टमेन्ट लिमिटेड कम्पनी स्थापना भएको छ।

लगानी बोर्डका सिइओ पन्तका अनुसार अष्ट्रेलियामा बसोबास गर्दै आएका एक गैरआवासीय नेपालीले काठमाडौंमा पाँचतारे होटल खोल्न केशरमहल नजिकै जग्गा किन्ने प्रक्रिया थालेका छन्। त्यसैगरी, दूरसञ्चार क्षेत्रमा लगानीका लागि गैरआवासीय नेपालीहरूले बोर्डसँग अभिरुचि देखाउदै आएको जानकारी सिइओ पन्तले दिनुभयो।

अन्तर्राष्ट्रिय स्तरमै ठूलो सफलता आर्जन गर्नुभएका संघका संस्थापक अध्यक्ष महतोले ३०० शैयाको अस्पताल र जडिबुटी प्रशोधन उद्योग स्थापनाका लागि जग्गा किनिसक्नुभएको छ। यसैगरी, विदेशको ज्ञान नेपाल भित्र्याउने सोचले आइसीसी सदस्य राजन कँडेललगायत युकेका एनआरएनहरूको पहलमा हाले ब्रिटिश कलेज सञ्चालनमा आएको छ।

निजी लगानीको अब्बल उदाहरण हो, मोवाइल सेवा प्रदायक कम्पनी एनसेल। आक्रामक बजार प्रवर्द्धन गरिरहेको एनसेलले सन् २०११ मा झन्डै ७ अर्ब रुपैयाँ (१० करोड अमेरिकी डलर) लगानी गर्ने घोषणा गरेको थियो। एनसेलले संसारको सवैभन्दा उचाइमा बेस स्टेशन खडा गरी थ्रिजी मोबाइल सेवा सञ्चालन गरी हरेक बजारमा नम्बर १ हुने लक्ष्य राखेको जनाएको छ।

गैरआवासीय नेपालीहरूले व्यक्तिगत तवरबाट समेत

**गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा प्रकाशित**
यस न्युजलेटरमा प्रकाशित सामग्री, लेख तथा अन्तर्वार्ता साभार गरी पुनः प्रकाशन गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं।
**प्रधान सम्पादकः** डा. हेमराज शर्मा
**गैरआवासीय नेपाली संघ,** सचिवालय, टेकु, काठमाडौं
फोन नं. ९७७-०१-४२१५२४७, ४२६२२५५
इमेलः nrn@nrn.org.np, contact@nrn.org.np
वेबसाइटः www.nrn.org.np

**सामग्री संयोजनः आउटलाइन मिडिया काठमाडौं, नेपाल**
www.outline.com.np
E-mail: info@outline.com.np
Tel: 01-4463136
**Outline news service**
www.onsnews.com

नेपालमा ठूलो लगानीको सम्भावना प्रस्तुत गरेको नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा बताउनुहुन्छ। "अन्तर्राष्ट्रिय स्तरमै स्थापित व्यवसायीको रुपमा उदाइरहेका नेपाली लगानीकर्ताहरू मातृभूमिको समृद्धिप्रति जिम्मेवार र संवेदनशील पाएको छु", उहाँ भन्नुहुन्छ, "त्यस्तै वार्षिक ४ अर्ब अमेरिकी डलर भन्दा धेरै रेमिट्यान्स पठाउने कामदारहरूलाई पनि हामीले देश निर्माणको आधारको रुपमा बुझ्न सक्नुपर्छ।"

गैरआवासीय नेपालीहरूले नेपालमा व्यवसाय मात्र हैन, विभिन्न सामाजिक कार्यसमेत गर्दै आएका छन्। नेपालका गाउँ, जिल्ला र क्षेत्रमा छात्रवृत्ति, बाढीपीडितलाई सहयोग, विद्यालय भवन र रङ्गशाला निर्माणमा गैरआवासीय नेपालीहरूले सराहनीय पहल थालेका छन्। तर, १० वर्ष अघिमात्र शुरु भएको गैरआवासीय नेपाली अभियान र स्वदेशमा लगानी ल्याउने कार्यक्रम विस्तारका लागि नेपालमा उपयुक्त राजनीतिक वातावरण बनेको छैन। गैरआवासीय नेपालीहरूले यसमा नेपालको राजनीतिक नेतृत्व बढी सचेत होस भन्ने आग्रह गर्दै आएका छन्।

### पूरा हुन बाँकी सरकारी बाचा

गैरआवासीय नेपालीहरूले लामो समयदेखि उठाउँदै आएको नेपाली नागरिकताको निरन्तरता (दोहोरो नागरिकता)का लागि सकारात्मक भन्दै आएको नेपाल सरकारले त्यसलाई ठोस रूपले अघि बढाउन कसरत गरेको छैन। यस्ता नीतिगत परिवर्तनका कुरा मात्र होइन, भएको नीति कार्यान्वयनमा समेत नेपाल सरकार उदासिन छ। सरकारले गत आर्थिक वर्ष २०६८/६९ को बजेटमा नै उल्लेख गरेको गैरआवासीय नेपाली र विदेशीलाई अपार्टमेन्ट खरीद र शेयर बजारमा लगानी गर्न दिने कार्यविधि अहिलेसम्म बनाउन सकेको छैन। अर्थसचिव कृष्णहरि बास्कोटा अपार्टमेन्ट खरीद गर्ने कार्यविधि तयार गरी मन्त्रिपरिषद्बाट पारित गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई पटक-पटक ताकेता गर्दा पनि ढिलाई भइरहेको बताउनुहुन्छ *(हे.अन्तवार्ता)*।

सेयर बजारमा लगानी गर्ने कार्यविधिबारे पनि नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज र धितोपत्र दलालहरूले छलफल गरेर मन्त्रालयमा राय दिने भनेकोमा अहिलेसम्म नआएको अर्थसचिव बास्कोटाको भनाइ छ। यी दुई लगानी क्षेत्र खुला भए विदेशमा बस्ने नेपाली तथा विदेशी नागरिकहरूलाई समेत नेपालमा लगानी गर्न सजिलो पर्ने थियो। उनीहरूले आफ्नो आवासका लागि मात्र नभई रियल स्टेट क्षेत्रमा नै लगानीसमेत गर्न सक्ने थिए। नेपाली लगानीकर्ताहरू विदेशमा रियलस्टेट कारोबारमा स्थापित भइसकेका छन्। ■

## 'अब छिट्टै देखिने गरी लगानी'



**जीवा लामिछाने**

अध्यक्ष, गैरआवासीय नेपाली संघ

तपाईले आफ्नो नेतृत्व भएपछि नेपालमा सामूहिक लगानीलाई पहिलो प्राथमिकतामा पार्नुभएको थियो, यो अभियान अहिले कहाँ पुग्यो ?

पाचौं विश्व सम्मलेनपछि बसेको कार्यकारी समितिको पहिलो बैठकले सामूहिक लगानीको अवधारणा अगाडि बढाउन संयोजन गर्ने जिम्मा मलाई सुम्पेको थियो। त्यसअनुरूप सामूहिक लगानीसम्बन्धी कार्यदल गठन भई त्यसले कन्सेप्ट पेपर तयार गरी रकम संकलनसमेत गर्ने काम निरन्तर रूपमा विभिन्न देशहरूमा भइरहेको छ।

यही बेलामा नेपालमा लगानी वर्ष- २०१२ घोषणा गरिएको छ, यो अवस्थामा गैरआवासीय नेपाली संघले कसरी आफूलाई प्रस्तुत गरिरहेको छ ?

लगानी वर्ष २०१२ लाई सफल बनाउन हामी सबै प्रकारको सहयोगका लागि प्रतिवद्ध छौं। लगानी वर्षलाई लक्षित गरी नेपाल सरकारले प्राथमिकतामा राखेका केही क्षेत्रहरूमा गैरआवासीय नेपालीहरूको लगानी पक्कै आउँछ।

त्यो लगानीको लागि नेपाल सरकारसँगको समन्वयात्मक भूमिकाबाट एनआरएन सन्तुष्ट हुन सक्छन् ?

म सरकारसँग गुनासो गर्नुपर्ने केही कारण देख्दिन। प्रधानमन्त्रीलगायत नेपाल सरकारका प्रतिनिधिहरूसँगको प्रत्येक बैठक तथा भेटघाटहरूमा गैरआवासीय नेपालीको लगानीका विषयमा सबै प्रकारको सहयोग तथा समन्वय हुने मैले आश्वासन पाएको छु। गैरआवासीय नेपालीको लगानीलाई वैदेशिक लगानी सरहको सुविधा दिने कानून आइसकेको अवस्थामा अब हामीले पहिला लगानी गर्नुपर्छ अनि मात्रै थप कुरा गर्नु उचित हुन्छ।

लगानीको कुरा गर्दा, गैरआवासीय नेपालीहरूले कुरा मात्रै गर्छन् खास लगानीचाहिं गर्ने होइनन् भन्ने आवाज सुनिएका छन्, यसलाई तपाईं के भन्नुहुन्छ ?

यो भनाइलाई असत्य सावित गर्न नै हामीले तुरुन्तै देखिने गरी केही गर्नुपर्ने भएको छ। विदेशमा दुःखले स्थापित हुने प्रयास गरिरहेको गैरआवासीय नेपालीहरूको पहिलो पुस्ताले नेपालमा यसअघि पनि जलविद्युत, सञ्चार, बैंकिङ, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि जस्ता विविध क्षेत्रमा लगानी गरिसकेको छ जसले निरन्तरता पनि पाइरहेको छ।

अहिले अष्ट्रेलियामा भइरहेको सम्मेलनले सामूहिक लागानीको बारेमा ठोस केही नीति लिन्छ कि ?

नयाँ योजना घोषणा गर्ने भन्दा पनि पहिले गरिएका प्रतिवद्धता पूरा गर्नलाई नै हामीले प्राथमिकतामा राखेका छौं।

गैरआवासीय नेपालीहरूले गरेको लगानीसम्बन्धी तथ्यांक अद्यावधिक भएको छैन नि!

यति नै लगानी भयो भनेर निश्चित रकम भन्न गाह्रो नै पर्छ। लगानी व्यक्तिगत हुने भएकाले कतिपय अवस्थामा लगानीकर्ताले सूचना दिन नचाहेको पनि हुनसक्छ। तथापि, एउटा गर्व गर्नुपर्ने तथ्य के हो भने गैरआवासीय नेपालीले गरेको लगानी र उनीहरू मार्फत नेपालमा आएको वैदेशिक लगानी आज कर संकलन हुने प्रमुखस्रोत भने भएको छ। ■

## नेपालीले विदेशी तान्छन्



**राधेश पन्त**

सिईओ, लगानी बोर्ड

**सन्** २०१२ र १३ लाई लगानी वर्ष घोषणा गरेको परिप्रेक्ष्यमा गैरआवासीय नेपालीहरूको लगानी हाम्रा लागि अत्यन्त जरुरी छ। विदेशमा बसेको र आफ्नो देशबारे पनि जानकारी भएकाले हामीले गैरआवासीय नेपालीलाई पहिले लगानीका लागि आकर्षित गर्न सक्छौं। त्यसैबाट विदेशी लगानीकर्ताहरू पनि आकर्षित हुन्छन्। गैरआवासीय नेपालीहरूबाट सकेसम्म संयुक्त लगानी आकर्षण गरी हामी उहाँहरूलाई प्रक्रियागत सहजता प्रदान गर्न चाहन्छौं। उहाँहरू पनि स्वदेशको विकासका लागि सकारात्मक हुनुहुन्छ। त्यसैले केही परियोजनाहरू सामूहिक रूपमा र केही व्यक्तिगत तवरले अघि बढ्छन् भन्ने विश्वास हामीलाई लागेको छ। जलविद्युत, होटेल, टेलिकम्युनिकेशन लगायतका क्षेत्रमा गैरआवासीय नेपालीहरूले रुचि देखाएका छन्। यी सबै देशलाई अत्यावश्यक क्षेत्रसमेत हुन्। त्यसबाहेक अहिले खाडीलगायत विभिन्न मुलुकमा कामदारको रूपमा गएका नेपालीहरूले वार्षिक ३/४ अर्ब अमेरिकी डलर रेमिट्यान्सको रूपमा स्वदेश पठाइरहेका छन्। त्यसको १० प्रतिशतलाई मात्र पुँजीगत लगानीका लागि आकर्षित गर्नसके वर्षमा १५० मेगावाट भन्दाबढी विद्युत उत्पादन गर्न सकिन्छ। त्यसैले विदेशमा बसेका ठूला लगानीकर्ता तथा साना कामदार सबै नेपालीलाई स्वदेशको विकासमा लगानीका लागि प्रोत्साहन गर्ने वातावरण तयार गर्नुपर्छ भन्ने हामीलाई लागेको छ। ■

विचार



सुरज वैद्य

# आर्थिक वातावरण बन्दैछ

राजनीतिक रूपले देशमा विभिन्न समस्याहरू कायम रहे पनि गैरआवासीय नेपालीहरूबाट जुन तवरले लगानी आइरहको छ, यसलाई हामीले सकारात्मक रूपले लिनु पर्छ। एकै पटक ठूलो लगानी सम्भव नभए पनि स-सानो तहमा आएको लगानीले स्वदेशमा धेरै अवसरहरू सिर्जना गर्न सकिन्छ। तर, अझै पनि नेपालको राजनीतिक वातावरणका कारण आर्थिक अवसरहरू कमजोर रहेको बुझाई विश्वका कतिपय मुलुकमा रहेका नेपाली दाजुभाइहरूमा पाइन्छ। हामीले हालै अमेरिका भ्रमणको क्रममा पनि त्यही कुरा पायौं। तर, वास्तविकता त्यो भन्दा अगाडि पुगिसकेको छ। हामीले विभिन्न दलका नेताहरूसँग संवाद जारी राखेका छौं। न्यूनतम आर्थिक एजेन्डा तय गर्नुपर्छ भन्नेमा सबै दल सहमत छन्। त्यसैले राजनीतिक रूपले देशले निचोड पाइनसके पनि आर्थिक रूपमा हामीलाई त्यत्रो ठूलो अवरोध छैन। यो कुरा विदेशमा बस्ने नेपालीहरूले पनि बुझिदिनु भयो भने राम्रो हुन्छ।

सरकारले लगानी वर्ष घोषणा गरेको सन्दर्भमा महासंघले अहिले चितवन र कास्कीमा लगानी वर्ष मनाउने तयारी गरेको छ। अन्य जिल्लामा पनि विस्तारै यो कार्यक्रम सञ्चालन गर्दै जानेछौं। लगानी वर्षमा सरकारले ठूलो लगानीमा केन्द्रित भएर कार्यक्रम बनाएको छ भने महासंघले स-सानो तहमा लगानी गर्न सकिने परियोजनाहरू छनोट प्रक्रिया अघि बढाएको हो। यसले देशको सन्तुलित विकास हुन सहयोग गर्छ। ठूला परियोजनाहरू देशको आर्थिक उन्नतिको समग्र मुहार हुन् भने ग्रामीण स्तरका साना उद्योग-व्यवसाय विकासका मेरुदण्ड। त्यसैले जिल्ला उद्योग वाणिज्य संघहरूसँग मिलेर तय गरिएका स्थानीय परियोजनाहरूमा लगानी गर्न हामी गैरआवासीय नेपालीहरूलाई पनि आकर्षित गर्छौं। कृषि, पर्यटन लगायत स्थानीय सम्भावनाका क्षेत्रमा लगानी गर्न सक्दा त्यहाँको आर्थिक गतिविधिले तिव्रता पाउँछ भने स्थानीय स्तरमा रोजगारी सम्भव हुन्छ।

गैरआवासीय नेपालीहरूले लामो समयदेखि दोहोरो नागरिकताको माग उठाइरहनु भएको छ। यो जायज र जिम्मेवार माग हो। तर, देशले नै संविधान पाउन नसकिरहेको बेला आफ्नो मागमा भन्दा पनि समग्र देशलाई कसरी संकटबाट पार लगाउने भनेर सोचिदिन म विश्वभरमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई आग्रह गर्न चाहन्छु। देशले निकास पायो भने त्यसपछि गैरआवासीय नेपालीहरूले उठाउनु भएका यस्ता मुद्दालाई जोडदार बनाउन सकिन्छ। त्यसैले अहिले राजनीतिक संकटसँगै आर्थिक लगानीको अभावमा तड्पिरहेको मुलुकको मुहार फेर्नतर्फ हामी सबै एकबद्ध हुनु जरुरी छ। हामी सबैले सपना देखेको दोहोरो अंकको आर्थिक वृद्धिको कमसेकम छेउछाउ मात्र पुग्न सकियो भने पनि हामी नेपालीको स्वाभिमान अन्तर्राष्ट्रिय रूपले उच्च हुन पुग्छ। त्यस बखत हाम्रा सामुदायिक हक-हितका मागहरूले पनि सहजै मूर्तता पाउन सक्छन्। त्यसैले अहिले यो देशलाई सबैभन्दा धेरै उत्पादनमूलक लगानीको खाँचो छ र त्यसलाई पूर्ति गर्न गैरआवासीय नेपालीहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुनेछ।

हामी सम्भव भएका ठूला-साना सबै लगानीलाई उच्च स्वागत गर्दछौं। ठूलो लगानी ल्याउने क्रममा स-साना औद्योगिक तथा व्यावसायिक अवसरलाई खेर फाल्नु हुँदैन। अष्ट्रेलियामा सम्पन्न हुन लागेको गैरआवासीय नेपाली संघको क्षेत्रीय सम्मेलनमा भाग लिन महासंघका वरिष्ठ उपाध्यक्षको नेतृत्वमा २० सदस्यीय टोली जाँदैछ। त्यसमा नेपालमा लगानीको सम्भावना भएका सानादेखि ठूला परियोजनासम्मका बारेमा छलफल हुनेछ। नेपालमा जलविद्युत र पूर्वाधार क्षेत्रमा लगानीको धेरै खाँचो छ। पूर्वाधारमा पनि विशेषगरी थलिएको रियलस्टेटमा लगानी आउनसके कुरूप बनेको शहरी आवासले पनि सुन्दरता पाउन सक्ने थियो। ■

*(अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ)*

लेख



हिक्मत थापा

# अफ्रिकामा नेपाली

नेपालीहरूको गन्तव्यको लागि नौलो मानिएका अफ्रिकी मुलुकहरूमा अहिले नेपालीको संख्या बढ्दो छ। विशेषतः विभिन्न व्यावसायिक कम्पनीहरूमा रोजगारीका लागि दक्ष जनशक्ति यहाँ आइरहेको छ। मूलतः अफ्रिकी मुलुकमा रहेका नेपालीहरू जागिरे छन्। त्यसमध्ये दक्षिण अफ्रिकामा चिकित्सा पेशा अंगाल्ने बढी छन् भने अन्य देशमा इन्जिनियर, खाद्य प्राविधिक, चार्टर्ड एकाउन्टेन्ट, कुक, सेक्युरिटी गार्ड लगायतका क्षेत्रमा छन्। संयुक्त राष्ट्रसंघ अन्तर्गतका विभिन्न निकायहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको क्षेत्रमा समेत नेपालीको संख्या उल्लेख्य छ। केही नेपालीहरूले रेष्टुरेन्ट लगायतका व्यवसायहरू पनि सञ्चालनमा ल्याइसकेका छन्।

अफ्रिकाभरमा दुई हजारको हाराहारीमा रहेका नेपालीहरूमध्ये नाइजेरिया, दक्षिण अफ्रिका, कंगो, केन्या, दक्षिण सुडान र युगाण्डामा सय भन्दाबढी नेपाली छन्। जाम्बिया, तान्जानिया, इजिप्ट, रुवाण्डा, घाना, टोगो, सिरिया लिओन, सेनेगेल, माडागास्कर, मोरक्को, जिम्बावे, इथियोपिया र सुडानमा १० देखि ५० जनासम्म नेपाली रहेका छन्।

यहाँको प्रमुख समस्या भनेको नेपालको कूटनीतिक उपस्थिति कम हुनु हो। यस क्षेत्रमा रहेका दुई दूतावासमध्ये इजिप्टमा रहेको दूतावास अपायक भएकोले खासै अफ्रिकामा रहेका नेपालीसँग समन्वय गर्न सकेको छैन। यस क्षेत्रका प्रायः सबै दक्षिण अफ्रिकास्थित राजदूतावासमा निर्भर हुनुपरेको छ। जसले गर्दा नेपाल सरकारसँग हुनुपर्ने सम्बन्ध स्थापित गर्न अप्ठ्यारो भएको छ। त्यसैले बढी स्थानमा राज्यको उपस्थिति गराउने र राहदानी बनाउन, नवीकरण गर्न, नेपालमा आएर श्रम स्वीकृति लिंदा दुःख दिने प्रवृत्ति हटाउन सरकारले जतिसक्दो चाँडो कदम चाल्नु पर्नेछ।

मूलतः यहाँ रोजगारीमा आउने नेपालीहरू भारत र त्यहाँको एजेन्सी मार्फत आउँछन्। तर, जो नयाँ व्यक्ति अफ्रिका आउँदै हुनुहुन्छ उहाँहरू सबैले नेपालबाटै वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर आउनु उपयुक्त हुनेछ। जसले अन्य देशको प्रयोगबाट यहाँ आउनु भएको छ उहाँहरूलाई बिदाको बेलामा नेपाल जाँदा आवश्यक प्रक्रिया पूरा गरेर फर्कन सल्लाह दिइरहेका छौं।

तर, श्रम विभागले राजदूतावास हुँदै नभएका ठाउँबाट पनि त्यसको सिफारिस ल्याउने लगायतका झमेला लगाएर उल्टै हतोत्साहित गर्ने गरेको अनुभव धेरैको छ। यसतर्फ सरकारले ध्यान पुऱ्याएर सहजीकरण गरोस भन्ने हाम्रो अपेक्षा छ।

त्यसैगरी गैरआवासीय नेपाली संघले विश्वमा रहेका नेपालीहरूको हितको लागि काम गरिरहेको छ। जुन सहयोग अफ्रिकामा रहेका नेपालीहरूको लागि पनि होस् भन्ने आवाज यहाँको छ। नेपाल र नेपालीसँगको सम्बन्ध स्थापित गरेर एकसूत्रमा गाँस्ने र अप्ठ्यारोमा सहयोग गर्ने अभियानको मालामा हामीलाई पनि अन्य देशका नेपाली सरह नै गाँसिरहने अवसर एनआरएनएले दिन सकोस्। यहाँको संख्याको आधारमा होइन, भावनाको आधारमा हामीलाई नेपाल सरकार र गैरआवासीय नेपाली संघले व्यवहार गरोस्, यसबाट नै अफ्रिकामा रहेका नेपालीको आत्मबल बढ्ने छ। ■

## लिस्बोनमा कन्सुलेट स्थापना हुने

**लिस्बोनमा** कन्सुलेटको स्थापनाको प्रक्रिया अन्तिम चरणमा पुगेको फ्रान्सका लागि नेपाली राजदूत मोहनकृष्ण श्रेष्ठले बताउनुभएको छ। गैरआवासीय नेपाली संघ पोर्चुगलको छैटौं वार्षिक साधारणसभामा राजदूत श्रेष्ठले पोर्चुगलका नेपालीहरूको समस्यालाई देखेर कन्सुलेट स्थापना गर्न प्रयास गरिरहेको बताउनुभयो। एनआरएनले लिस्बोनमा दूतावासको स्थापनाको माग गरिरहेको छ। पोर्चुगलका अध्यक्ष रमेशकुमार गुरुङको अध्यक्षता सम्पन्न साधारणसभामा एनआरएनका सल्लाहकार डा. महेन्द्र पन्थी, अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य पूर्ण हमाल लगायतले इमिग्रेशनसम्बन्धी नयाँ नियमहरू, जलस्रोतमा संयुक्त लगानी लगायतका विषयमा जानकारी दिनुभएको थियो।

उता जुन २३ मा गैरआवासीय नेपाली संघ स्विडेनको वार्षिक साधारणसभा संघका अध्यक्ष नवीन थपलियाको अध्यक्षतामा स्टोकहोल्ममा सम्पन्न भएको छ।

# ‘मातृभूमिप्रतिको कर्तव्य पूरा गरौं’

**विदेशमा रहेका ३० लाखभन्दा बढी नेपालीहरूलाई संगठित गर्न सफल हुनुभयो । त्यो अभिलाशा कसरी पलाएको थियो ?**

विदेशमा जतिसुकै सफलता र सम्पन्नता हासिल गरे पनि मातृभूमि समृद्ध नभई व्यक्तिगत प्रगतिको कुनै अर्थ नरहने भावनाले हामीलाई सन् २००३ मा गैरआवासीय नेपाली अभियानको प्रारम्भ गर्न अभिप्रेरित गरेको थियो । नेपाल जुन ऐतिहासिक संक्रमण र परिवर्तनको प्रक्रियामा छ, यस्तो अवस्थामा कुनै विदेशीले गएर त्यहाँको विकास गरिदिने होइन, हामी आफैं त्यसका लागि अघि सर्नुपर्छ भन्ने राष्ट्रवादी दायित्वबोधले पनि हामीलाई उत्तिकै प्रेरित गरेको थियो ।

**अभियान प्रारम्भको सोचअनुसार अहिलेको अवधिसम्म आइपुग्दा कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

संख्यात्मक र गुणात्मक रूपमा संसारभरि फैलिएको नेपाली डायस्पोराको छरिएर रहेको आर्थिक, व्यावसायिक र बौद्धिक क्षमतालाई समेटेर नेपालको शान्ति, समृद्धि र विकासका लागि कसरी उपयोग गर्न सकिन्छ भन्ने जुन चिन्तनले प्रेरित भएर गैरआवासीय नेपाली अभियानको आरम्भ भएको थियो, हामीलाई सन्तोष छ आज त्यसले लगभग हरेक देशको नेपाली डायस्पोरालाई स्पर्श गरेको छ । विदेशमा बस्ने नेपालीहरूको सुखदुःख, खुशी, पीडालाई बिसाउने थलो अर्थात् आफ्नै घरको रूपमा गैरआवासीय नेपाली संघ सबैका लागि स्वीकार्य भइसकेको छ । हाम्रा सामूहिक प्रयासहरू पनि क्रमशः ठोस र मूर्त हुँदै गएका छन् र नेपालमा तिनको सराहना पनि भइरहेको छ । गैरआवासीय नेपाली अभियान र गैरआवासीय नेपाली संघ अब उपेक्षा गर्न नसकिने संगठित प्रयासको रूपमा स्थापित भइसकेका छन् । यसमा संसारभरिका सबै देशका नेपालीहरूको समर्पण र निरन्तर मिहिनेतको योगदान छ । यो निकै सन्तोषजनक प्रगति हो भन्ने मलाई लाग्छ ।

**विदेशमा रहेको यो सक्षम जनशक्तिबाट देशलाई कस्तो फाइदा पुगेको पाउनुभएको छ ?**

पहिलो कुरा त तिनै नेपालीबाट गइरहेको रेमिट्यान्सले मुलुकको अर्थतन्त्रलाई ठूलो टेवा पुऱ्याइरहेको सबैलाई विदितै छ । त्यसपछि केही मात्रामा लगानी भित्र्याउने प्रचलन पनि शुरु भइसकेको छ । व्यक्तिगत वा सामूहिक रूपमा गैरआवासीय नेपाली लगानीकर्ताहरू निकै सक्रिय हुँदै गएको हामीले अनुभव गरेका छौं, नेपालमा । त्यसरी नै केही मात्रामा सीप र ज्ञानको आदानप्रदान पनि भएको देखिएको छ । मुलुकको त्यति ठूलो जनसंख्या विदेशमा भएपछि तिनबाट प्रत्यक्ष, अप्रत्यक्ष विविध आदानप्रदान र सहयोग हुनु स्वभाविक हो ।

**तर, नेपालले जति फाइदा पाउन सक्थ्यो त्यो स्तरको फाइदा दिन गैरआवासीय नेपालीहरूले सकिरहेका छैनन् भन्ने भनाइमा सत्यता देख्नुहुन्छ ?**

त्यसमा पनि आंशिक सत्यता छ । विदेशमा हामी अझै पनि नेपालमा स्थायित्व छैन, राजनीतिक



**डा. उपेन्द्र महतो**
**संस्थापक अध्यक्ष**
**गैरआवासीय नेपाली संघ**

अस्थिरता छ आदि भनिरहेका छौं । त्यस्तो द्विविधा शायद अस्वाभाविक होइन र त्यसैले गर्दा अपेक्षित लगानी आउन नसकेको होला । तर, वातावरण छैन भनेर विदेशीले भन्ने हो, हामीले होइन । वातावरण नभएकै बेलामा त हो नि हामीले मातृभूमिप्रतिको कर्तव्य प्रदर्शन गर्ने । यहाँ सबै राम्रो छ भने त अन्य विदेशी आइहाल्छन् नि लगानी गर्न । त्यसबेला त गैरआवासीय नेपाली नै चाहिँदैन नि । त्यसैले म सधैं साथीहरूलाई भन्छु, अहिले नै हो तपाईंले दायित्वबोध गरेर नेपालमा आफूले सकेको लगानी गर्ने । मलाई खुशी छ कि यो भावना डायस्पोरामा निकै प्रखर रूपले स्थापित हुँदैछ ।

**नेपाल सरकारले सन् २०१२ लाई लगानी वर्ष घोषणा गरेको अवस्थामा गैरआवासीय नेपालीहरूको तर्फबाट थप देखिने गरी नै संयुक्त रूपमा लगानी भित्रिने सम्भावना कत्तिको छ ?**

विभिन्न देशमा सामूहिक लगानीबारे छलफल भएर केही पैसा पनि उठन थाल्नु धेरै राम्रो कुरा हो । आफ्नै खुट्टामा उभिन प्रयासरत नेपाली डायस्पोरा पहिलो पुस्ताको डायस्पोरा हो । त्यसैले हाम्रा स्रोत र साधन सीमित छन् । यिनै सीमितताका बाबजुद नेपाली समुदायले नेपालमा लगानी गर्न जुन उत्साह देखाएको छ अहिलेलाई त्यही नै ठूलो कुरा हो । आज पनि गैरआवासीय नेपालीहरूले मुलुकको जलस्रोत, मिडिया, दूरसञ्चार, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा उल्लेखनीय लगानी गरिसकेका छन् । हाम्रा योगदान, लगानी, सीपको हस्तान्तरण आदि समयक्रममा बढ्दै जाने अवश्यम्भावी छ । हाम्रो शक्ति भनेको नै सामूहिकतामा छ । हामीले नेपालमा केही महत्वपूर्ण परियोजनामा हात हाल्नुपर्छ, जुन सामूहिक रूपमा एकत्रीत भएर गयौं भने मात्र सफल हुन्छौं । त्यही आत्मबोध गरेर नै नेपाली समुदाय अहिले सामूहिक लगानीका लागि घनीभूत छलफलमा व्यस्त छ । म यसको सफलताको कामना गर्छु ।

**नेपालमा निजी क्षेत्रको लगानी अभिबृद्धि र आर्थिक समृद्धिमा, राजनीतिक तथा प्रशासनिक नेतृत्व कत्तिको गम्भिर पाउनु भएको छ ?**

व्यक्तिगत भेटमा सबैको भावना समग्र निजी क्षेत्र र विशेषगरी गैरआवासीय नेपाली लगानीलाई भित्र्याउन प्रेरित गर्ने किसिमको सौहार्दपूर्ण नै हुन्छ । तर, त्यसलाई नीतिगत स्वरूप दिने कुरामा निकै बिलम्ब हुने प्रवृत्ति देखिन्छ । गैरआवासीय नेपालीसम्बन्धी कानूनदेखि नेपाली नागरिकताको निरन्तरताका विषयमा समेत नेपालको नेतृत्ववर्गमा त्यो द्विविधा रहेको हामीले अनुभूत गरेका छौं । मुलुक अप्ठ्यारो संक्रमणमा परेकोले पनि त्यसो भएको हुनसक्छ । व्यूरोक्रेसीमा पनि इच्छाशक्तिको कमी देखिन्छ । तर, पनि अन्ततः गैरआवासीय नेपालीसम्बन्धी कानून आएको छ, जसले विदेशमा रहेका नेपाली लगानीकर्तालाई केही न केही सुविधा दिएको छ । हालै लगानी बोर्डसम्बन्धी कानून र बोर्ड स्थापना भएको छ । सरकारले लगानी वर्ष घोषणा गरेको छ । यी सबै सकारात्मक कुरा हुन् । हाम्रो प्रयासले जे जति कानूनी वातावरण बनेको छ, त्यसको उच्चतम र गुणात्मक प्रयोग हुनुपर्छ ।

**नेपाललाई समृद्ध र विकसित देश बनाउन क कसको भुमिका देख्नुहुन्छ ?**

यसमा नागरिक र सरकार दुवै स्तरमा आ-आफ्नै दायित्व छन् । मुलुक हाँक्ने नेतृत्ववर्गमा विकासका लागि दृढ इच्छाशक्ति हुनुपर्छ । सबै राजनीतिक दलमा विकाससम्बन्धी साझा धारणाको विकास हुनुपर्छ । सरकार बदलिने बित्तिकै विकासका प्राथमिकता फेरिने बिडम्वनालाई रोक्नु उत्तिकै आवश्यक छ । सरकारले गरेन मात्रै भनेर हुँदैन, आफ्नो व्यक्तिगत योगदान के छ भन्ने आत्मबोध पनि गर्न सक्नुपर्छ । जलस्रोतको उपयुक्त दोहन र सेवा क्षेत्रमा केन्द्रित भएर केही वर्ष बिनाकुनै अवरोध काम गर्न सकियो भने नेपालको विकास सहजै हुनसक्छ । गैरआवासीय नेपाली समुदायको बढ्दो संख्यात्मक र गुणात्मक क्षमतालाई सही परिचालन गर्न राष्ट्रिय नीति लिएर मुलुकको नेतृत्व अगाडि आउनुपर्छ ।

गैरआवासीय नेपाली समुदायले पनि मुलुक समृद्ध नभए विदेशमा हामीले आर्जन गरेको पुँजी र ज्ञानले मात्र हाम्रो इज्जत र सम्मानमा अभिवृद्धि हुँदैन भन्ने महसुस गर्नुपर्छ । हाम्रो मातृभूमिलाई शान्त र समृद्ध बनाउने दायित्व हाम्रो मात्रै हो, कुनै विदेशीले गएर नेपाल बनाइदिँदैन भन्ने कुरालाई गहिरो गरी आत्मसात गर्नुपर्छ । सिडनी सम्मेलनले यही भावनालाई अझ गहिरो गरी हाम्रो मन र मस्तिष्कमा स्थापित गर्न सकोस् र नेपालको विकासमा होमिने भावनाको अभिवृद्धि गरोस् यही नै मेरो शुभकामना । ■

# The Open University of Nepal Initiative

**An Initiative for Preparation and Roadmap for Open University of Nepal**

*- Dr. Drona Rasali, Dr. Pramod Dhakal, Dr. Ambika Adhikari, Dr. Raju Adhikari*

The growing thirst for education among the people has been one of the most inspiring developments in Nepal lately. Despite the significant progress made in basic education, the World Bank data indicate that the access to higher education in the country is still severely limited with an overall low gross enrolment rate. This is the result of rampant disparity in access to higher education across income quintile, gender, caste/ethnicity and geography. Especially alarming is the fact that the bottom two-fifth of the country`s population by income has less than two percent gross enrolment rate.

The expansion in higher education intake has taken place mainly in the private sector. This trend is likely to further widen the gap of educational access between those who can pay for higher education and those who cannot. Further, the quality of higher education in Nepal is not consistent across the colleges. The public campuses often have fared worse than their private sector counterparts. This demands for a systemic arrangement for quality education and its accreditation, particularly with a mechanism to uplift the quality of publicly managed institutions of higher education. One of the approaches to enhancing the universal access, enrolment rate and quality in higher education is the open and distance education system, which can complement the campus-based conventional education. Open University education is also necessary to remove the manifold barriers, and thus to help bring higher education particularly to the disadvantaged people at their door steps.

Realizing this necessity, the Non-Resident Nepali Association (NRNA) in partnership with the Canada Foundation for Nepal (CFFN) and Government of Nepal has taken the initiative to establish an Open University of Nepal (OUN). This vision first received a formal shape at the NRNA's Regional Conference in Houston (USA) in May 2010. Subsequently, a significant background work has already been done. Athabasca University (AU), Canada's Open University, has supported the initiative right from the beginning. A Memorandum of Understanding (MoU) for collaboration was signed among NRNA, CFFN and AU in September 2010. This was followed by the signing of a Resolution of Agreement (RoA) between the NRNA and the Ministry of Education, Nepal in October 2010, formalizing the Open University of Nepal Steering Committee (OUNSC), co-chaired by Secretary of Education Ministry, Government of Nepal and NRNA President (currently Mr. Jiba Lamichhane) with Dr. Pramod Dhakal as its Member-Secretary. The work of OUNSC has been supported by four functional working committees: Academic Development led by Dr. Drona Rasali, Resource Mobilization led by Dr. Ambika Adhikari, Learning Infrastructure Development led by Dr. Mahabir Pun and Research and Innovation led by Dr. Raju Adhikari. As of now, a total of seven follow-up workshops have been held in Canada, Korea, Australia and Nepal. Member Secretary Dr. Pramod Dhakal of the OUN Initiative has established the Secretariat of the OUNSC within the premises of the Ministry of Education in Kathmandu and is coordinating with the four functional committees to advance the relevant preparatory works for the OUN from the Secretariat.

All the existing universities in Nepal were established by a specific Act for each university. There is no generic law for the establishing a new university in Nepal. The Government of Nepal has prepared a legislative bill named "Higher Education Bill, 2068", which has been endorsed by all concerned ministries of the government, the National Planning Commission, and the Cabinet of Ministers. It has been tabled in the Parliament of Nepal already. The OUNSC has been supporting this move which would provide a legal foundation leading to formally establishing the Open University of Nepal. The proposed bill still remains amongst the highest priority bills to be brought forward to the Legislative Committee of the now dissolved Constituent Assembly. Passage of this bill, as and when a Legislature Parliament will be in place, will provide the ultimate legal status for the OUN. Meanwhile, continued effort was made to get a special mandate from the Cabinet of Ministers to pave a way in the interim for OUN's foundation-building work that could be achieved even before the passage of the bill by the parliament. This work meeting with many bureaucratic and procedural hurdles finally resulted in the Cabinet of Ministers passing an executive order to establish Open University Infrastructure Development Board (OUIDC) as an arm's length agency of the government. Representing the NRNA, Dr. Pramod Dhakal is one of the eight members of the OUIDC which is chaired by the Education Minister of the Nepal Government.

The next step is to launch a series of pilot academic programs now proposed in collaboration with foreign institutions - primarily the Athabasca University. The proposed pilot programs would not only test the modalities of public distance and open higher education in Nepal, but also help gain real-life knowledge and skills learned by the students from the programs delivered. An operational set of academic programs was worked out over a planning meeting organized on 18th May, 2012 at Athabasca University in Canada. The meeting considered academic programs for the OUN Initiative's pilot phase. NRNA is also planning to hold an Open University Workshop during its regional conference in Sydney (Australia) in late August-early September to plan for further way forward. Meanwhile, a network of infrastructure of selected higher secondary schools and existing University campuses will be persuaded to participate in the pilot academic programs in a collaborative venture of OUN Initiative with Athabasca University and other Nepali and foreign institutions. To successfully run the pilot academic programs, it is imperative to obtain strong support of the Government of Nepal, get approval for the proposed pilot programs, with the accreditation and for seeking funding from bilateral and multilateral agencies. Once the pilot programs are launched successfully, the resources from domestic and external sources will likely begin to flow. Meanwhile, a legislative instrument for an autonomous university will be in place for making the OUN a reality.

The OUN was not conceived for simply adding one more entity to the count of existing Universities in Nepal, nor was there any motive for competing with each other. The OUN was conceived to fill the existing gaps in the areas of knowledge as well as for improving access to higher education for the marginalized groups on two main considerations: 1) An open university is best suited to countries like Nepal that are characterized by high population growth, low employment levels, majority of the people with subsistence agriculture and rural orientation, arduous geographical areas and low availability of physical infrastructure across the country; and 2) It is an opportunity to provide targeted access to higher education from the bottom up, serving the under-served first.

The Diaspora members involved in the OUN initiative have already envisaged a clear vision, mission and roadmap for the establishment of a unique, modern, high quality, relevant, equitable and readily accessible institution of higher learning for all Nepalis. The recently established OUIDC, with Dr. Pramod Dhakal on board representing NRNA, is expected to work closely and collaboratively with the Diaspora community in every step of establishing the foundational infrastructure and functional mechanism for the OUN. If all the steps happen in a timely manner as per the road map already envisaged, Nepal should have its first national university for beginning open and distance higher education by 2015.

The OUN initiative has received strong support from the governmental and other public agencies, academicians, media, political leaders and policy makers in Nepal. Although tangible achievements are yet to be realized due to complexities that exist in Nepal's unique institutional arrangements, it is worth noting that seven governmental agencies of Nepal – University Grant Commission, Ministries of Education, Law and Finance, National Planning Commission, Cabinet of Ministers and the Legislature Parliament (when in place) – have been formally committed in the process and there are many more influential agencies and leaders that are involved informally to play their role in this complex equation. The amount of moral pressure that has been mounting for the establishment of the OUN is significant, and all signs now indicate a definite outlet for the OUN in the near future.

**For detail information contact: Dr. Pramod Dhakal**

Open University of Nepal Initiative Education Ministry, Keshar Mahal, Kathmandu, Nepal.Phone- ++ (977) 98089-14167, Email: pdhakal@gmail.com

# विदेशको सीप, स्वदेशमा लगानी

**६ वर्ष** लामो वैदेशिक रोजगारीमा अनुभव सँगालेका उत्साही युवाले स्वदेशमा रहेर पनि केही गर्न सकिने सन्देश प्रवाह गरेका छन् । इजरायलका विभिन्न कृषि बागवानी फारममा उन्नत प्रविधियुक्त तरकारी खेतीको काम सिकेर सो प्रविधिलाई नेपाल भित्र्याउने युवाहरू हुन्, डा. विष्णु चापागाई (चितवन), खोजराज कटुवाल (धरान), राजनप्रसाद मैनाली (सर्लाही), रतिराम गौतम (काभ्रे), सुनिलनाथ योगी (नवलपरासी), ठाकुर केसी (बाग्लुङ) र सरिता थापा (धरान) । यिनीहरूलाई कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोलगायत १२ जनाले संयुक्त लगानी गरेर थप उत्साह थपिदिएका छन्। राजधानीबाट ३० किलोमिटर उत्तर पश्चिमको गाउँ जितपुरफेदीमा २० रोपनी जग्गा भाडामा लिएर डेढ वर्षअघि मह एग्रिकल्चर प्रालिको नामबाट शुरु गरिएको तरकारी खेती अहिले नमूना बनेको छ ।


फोटोः आनन्दराम डंगोल

सञ्चालक मध्येका एक गैरआवासीय नेपाली संघ इजरायलका पूर्वउपाध्यक्ष खोजराज कटुवालका अनुसार फारम अवलोकन गर्न प्रधानमन्त्री डा. बाबुराम भट्टराई, पूर्वमन्त्री, गभर्नर, विभिन्न राजनीतिक दलका नेता र राजदूतहरूसम्म पुगिसकेका छन् भने कृषिसम्बन्धी अध्ययन गर्ने टोली दैनिक जस्तै हुन्छन् ।

युवाहरूको यो सीप र पौरखले अहिले सिंगो जितपुरफेदीका कृषकलाई आकर्षित बनाएको छ। जसले गर्दा केहीले प्रविधिमा आधारित तरकारी खेती शुरु गरिसकेका छन् भने केही तयारीमा छन् ।

“इजरायलमा गएका पन्ध्र सय भन्दाबढी युवाहरूले त्यहाको कृषि फारममा सिकेर स्वदेश फर्किएको ज्ञानलाई उपभोग गरे कृषि पेशाले आत्मनिर्भर बनाउँदो रहेछ भन्ने सन्देश जान्छ”, सञ्चालक रतिराम गौतम भन्नुहुन्छ। इजरायलमा एक बोटबाट ८० देखि १२० किलो गोलभेडा उत्पादन भएको देखेका कटुवाल भन्नुहुन्छ, “नेपालमा पनि त्यो असम्भव छैन ।”

उत्पादित तरकारीलाई गोंगबु नयाँ बसपार्क क्षेत्रमा स्टल राखेर प्याकेजिङसहित उपभोक्तालाई सजिलो बनाइदिने सोच यो समूहको छ ।

आफूहरू नेपाली कृषकलाई उन्नत प्रविधि सिकाउन सधैं तत्पर रहेको बताउने यो समूहको भनाइ छ, “अहिले प्रयोगमा ल्याइएका उपकरण नेपालमै उत्पादन गर्ने पहल गरियोस् ।”

कृषिमा लगानी गर्ने तयारीमा रहेको ज्योति ग्रुपले यो टोलीसँग सम्बन्ध बढाएको छ भने पर्साको परवानीपुरमा १३० रोपनी जग्गामा यस्तै खालको उन्नत प्रविधियुक्त तरकारी खेती शुरु भैसकेको छ। त्यस्तै चौधरी ग्रुपले पनि नवलपरासीमा निकट भविष्यमै तरकारी खेती गर्ने प्रस्ताव ल्याएको छ।

समयमा मल, बीउ तथा सहज बजार अनि मूल्य नपाउँदा किसानले भोल्नु परेका समस्यालाई सरोकारवाला निकायले चासो राखेर समाधानतर्फ उन्मुख भए मुलुकको समृद्धि र रोजगारीको सिर्जना कृषिबाटै हुन्छ भन्ने गतिलो प्रमाण भएका छन् यी युवाहरू । नेपालको ७६ प्रतिशतभन्दा बढी जनताको जीविकोपार्जनको आधार बनेको कृषिले राष्ट्रिय अर्थतन्त्रमा ३२ प्रतिशत योगदान गरिरहेको छ । तर, पनि दिनहुँजसो हजारभन्दा बढी युवाहरू रोजगारीका लागि विदेशिनु पर्ने अवस्थालाई केही हदसम्म रोक्ने विश्वास लिइएको यो कामले आफैं कामदार आफैं मालिकको अवधारणालाई सार्थक बनाएको छ । ■

---

# ‘घरबाटै विश्वविद्यालय पढ्न सकिन्छ’


**प्रमोद ढकाल**
**सदस्य, खुला विश्वविद्यालय पूर्वाधार निर्माण समिति**

**खुला विश्वविद्यालयको अवधारणा कहाँ पुग्यो ?**

हामी निरन्तर लागिरहेका छौं । सरकार र गैरआवासीय नेपाली संघको पहलमा एउटा पूर्वाधार विकास समिति पनि बनेको छ । त्यो समितिले अहिले ऐन-नियम बनाउने, त्यसको सम्भाव्यता अध्ययन गर्ने र ठाउँहरूको खोजी गर्ने क्रम चलिरहेको छ । मुख्य कुरा ऐन हो, जसको लागि हामीले विभिन्न विश्वविद्यालयको ऐनलाई परिमार्जन गरेर छाता ऐन बनाउने प्रस्ताव गरेका थियौं । त्यसमा सहमति हुँदैन भने अन्य विकल्प पनि हामीले प्रस्ताव गरिसकेका छौं । यसमा दलहरूको बीचमा सहमति पनि छ, तर ऐन बनाउने बाटो संसद् छैन । अन्य बाटोबाट अगाडि बाढाउन सरकारले पहल गर्नुपर्ने हो, तर त्यो भएको देखिदैन ।

**खुला विश्वविद्यालयको ठोस अवधारणा कस्तो हो ?**

अहिलेका विश्वविद्यालयको पहुँच परम्परागत र ठूला शहरहरूमा मात्रै छ भने कतिलाई शहरमा विश्वविद्यालय जाने अवस्था नै छैन । तर, शिक्षा हासिल गर्नुपर्ने इच्छा छ । यस्तो परिवेशलाई ध्यान पुऱ्याएर खुला विश्वविद्यालयको अवधारणा ल्याइएको हो । मान्छेले जहाँको ज्ञान पनि घरबाटै लिन पाउने व्यवस्था विश्वका अरु देशहरूमा छ । त्यसलाई हामी नेपालीले पनि उपयोग गर्न सक्नुपर्छ। तत्काल नसकिएला तर अबको ८-१० वर्ष भित्रमा नेपालका हरेक घरमा मात्रै होइन, हरेक वनमा पनि यो पहुँच पुग्नेमा म विश्वस्त छु।

**खुला विश्वविद्यालय व्यवस्थित हुन नसक्दा शिक्षा एकदम कमसल हुन्छ भन्नेलाई के भन्नुहुन्छ ?**

व्यवस्थित नभएको कुनै पनि विश्वविद्यालयको पढाई कमसल हुन्छ, हामी त्यसमा सतर्क छौं। हामीले गुणस्तरका लागि नै क्रमिक रुपमा मात्रै पूर्ण नेपाली पाठ्यक्रममा जाने, ठूलो तयारीपश्चात मात्रै कार्यक्रमहरू सञ्चालन गर्ने नीतिहरू अवलम्वन गर्दैछौं। खुला विश्वविद्यालयबाट उच्चतम स्तरको शिक्षाको अपेक्षा गर्न सक्नुहुनेछ ।

**अब यो शुरू हुनचाहिं कति समय लाग्ला ?**

नेपालमा धैरै परियोजनाहरू आए पनि बीचमै फेल भएका उदाहरणलाई मध्यनजर गरेर हामी यसलाई जतिसक्दो छिटो शुरु गर्न चाहन्छौं । जग्गा किनेर घर बनाएर शुरु गर्दा केही वर्ष लाग्ने हुँदा हामीले सरकारसँग भवन र प्राविधिक सहयोगको अपेक्षा गरेका छौं। जसमा सरकार सकारात्मक छ। हामीलाई न्यूनतम भौतिक पूर्वाधार हुनेबित्तिकै आवश्यकता अनुसार हप्ताको एक दिन, महिनाको २ दिन विद्यार्थीहरू आफ्नो प्राज्ञिक गाइडको सम्पर्कमा रहेर शिक्षा हासिल गर्न सक्छन्। ■




## बेल्जियममा नेपाल महोत्सव- २०१२ सम्पन्न

**बेल्जियममा** नेपालको बहुआयामिक पक्षहरूको प्रवर्द्धन गर्ने उद्देश्यले पाँचौं नेपाली महोत्सव सम्पन्न भएको छ। बुद्धको जन्मस्थल लुम्बिनीको प्रचार नेपाली उत्पादित सामान युरोपेली बजारमा पुऱ्याई नेपाली भाषा एवं संस्कृतिको बारेमा जानकारी दिई पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजनामा गरिएको हो। कार्यक्रममा प्रमुख अतिथि बेल्जियमको राजनीतिक पार्टी सिडिएनभीकी नैमा लन्जरीले नेपालको १० लाख पर्यटक भित्र्याउने योजनमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

बेल्जियमका लागि नेपाली राजदूत राममणि पोखरेल र एनआरएनए संरक्षक रामप्रताप थापाले नेपालको पर्यटन विकासमा एनआरएनहरूको भूमिका प्रमुख रहेको बताउनुभएको थियो। कार्यक्रममा नेपालका विभिन्न जातजातिका भेषभूषा तथा कला-संस्कृति झल्काउने झाँकीहरू प्रस्तुत गरिएको थियो। नेपाली दूतावास बेल्जियम, एनआरएनए बेल्जियम र बेल्जियममा रहेका नेपाली संघसंस्थाहरुको आर्थिक सहयोग तथा संयुक्त आयोजनामा नेपाली महोत्सव- २०१२ सम्पन्न भएको हो।

## अमेरिकामा साहित्य गोष्ठी

**अमेरिकाका** रहेका नेपालीहरूको संस्था (एएनए) को ३० औं सम्मेलनका अवसरमा गत ३० जुन, २०१२ का दिन 'नेपाल बाहिरको नेपाली साहित्य प्रवासी कि आप्रवासी' विषयक गोष्ठीको आयोजना भयो। नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिकाको आयोजनामा भएको कार्यक्रममा साहित्यकारहरू डा. गोबिन्दराज भट्टराई, डा. खगेन्द्रप्रसाद लुईटेल, अ.ने.सा.स. का संस्थापक अध्यक्ष होमनाथ सुवेदी लगायतका व्यक्तिहरूको कार्यपत्र प्रस्तुत गरिएको थियो।

कार्यक्रममा साहित्यकारहरूले डायस्पोरा नेपाली साहित्यमा स्थापित भएको भन्दै यस बारेमा थप अध्ययन भइरहेको बताउनुभयो। डायस्पोरा गोष्ठी संयोजक डा. गोबिन्दसिंह रावतले नेपाल बाहिरको नेपाली साहित्यलाई डायस्पोरा साहित्य भनिए पनि यसको सीमारेखा कोरिनुपर्ने बताउनुभयो। प्रतिष्ठानका अध्यक्ष वसन्त श्रेष्ठले डायस्पोरा साहित्यबारे अझ गहन छलफल हुनुपर्ने भन्दै आउँदो वर्ष तीनदिने अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन गरिने जानकारी दिनुभयो।

## बिचल्लीमा परेका नेपालीलाई सहयोग

**रोजगारीको** सिलसिलामा दक्षिणपूर्वी अफ्रिकी देश मदागास्करमा पुगेर अलपत्र परेका १८ जना नेपालीहरूलाई एनआरएन नाइजेरियाले खाना र अस्थायी बसोबासको लागि आर्थिक सहयोग पठाएको छ। मदागास्करमा करीब ५० जना नेपालीहरू सेक्युरिटी गार्डको रूपमा विदेशी कूटनीतिक नियोग र कम्पनीमा कार्यरत रहेका छन्।

## दक्षिण कोरियामा नेपाल हाउस

**एनआरएन** दक्षिण कोरियाले सिउलस्थित वर्नाम सागरीमा निर्माण गरेको नयाँ नेपाल हाउस सञ्चालनमा आएको छ। नेपाली कला, संस्कृति झल्कने पोस्टरहरूले झकिझकाउ पारिएको नेपाल हाउसलाई दक्षिण कोरियाका लागि नेपाली राजदूत कमानसिंह लामाले उद्घाटन गर्नुभयो। कार्यक्रममा फेमिली एकेडेमीका डा. लीले आफू सन् १९८२ मा नेपाल पुग्दा त्यहाँ कोरियन कल्चर सेन्टरको स्थापना भएको देखेर कोरियामा पनि नेपाली कल्चर सेन्टर खोल्ने इच्छा भएको भन्दै नेपाल हाउसको व्यवस्थापनमा सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा एनसीसी कोरियाका अध्यक्ष केपी सिटौला र आइसीसी सदस्य डा. देवि बस्नेत, एनआर एन कोरियाका पूर्वअध्यक्ष विनोद कुँवर लगायतले नेपाल हाउसको विविध पक्षका बारेमा जानकारी दिनुभएको थियो।

## ग्वाङ्जाओ एनआरएन चीनको भेला




**गैरआवासीय** नेपाली संघ राष्ट्रिय समन्वय परिषद् चीनको पाँचौं वार्षिक कार्यक्रम संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोको प्रमुख आतिथ्यमा सम्पन्न भयो। नेपाली व्यवसायीहरूको सबैभन्दा बढी बसोबास भएको ग्वाङजओ शहरमा सम्पन्न कार्यक्रममा बेइजिङस्थित नेपाली दूतावासका द्वितीय सचिव जीवनदास श्रेष्ठ, क्षेत्रीय संयोजक यमकुमार गुरुङ (त्रिलोक), लगायतको उपस्थिति रहेको कार्यक्रममा नेपालको स्वास्थ्य शिक्षा लगायतका क्षेत्रमा राष्ट्रिय समन्वय परिषद् चीनको तर्फबाट १० लाख सहयोग गर्ने घोषण गरएिको थियो। कार्यक्रममा एनआरएन चीन, हङकङ, मकाउका अध्यक्षहरू क्रमशः सुन्दर थापा, दुर्गा गुरुङ, सुदर्शन थापा तथा हङकङ आइसीसी सदस्य कृष्ण पाण्डेको उपस्थिति थियो।

## मस्कोमा सगरमाथा आरोहण दिवस

**नेपाली** दूतावास मस्को, गैरआवासीय नेपाली संघ रसिया र एल्पिनिजम महासंघको संयुक्त आयोजनामा ३०औं सोभियत पर्वतारोहण दिवस नेपाली दूतावास मस्कोमा एक कार्यक्रमको आयोजना गरी मनाइयो। रसियन पर्वतारोहीहरूले सगरमाथा आरोहण गरेको २०औं वर्षको अवसर पारेर गरिएको कार्यक्रमा रसियाका लागि नेपाली राजदूत डा.रविमोहन सापकोटाले सगरमाथा संसारकै सम्पत्ति भएकोले यसको संरक्षण गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो। एनआरएनका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले सोभियत संघले नेपालको विकासमा प्रगाढ छाप पारेको बताउँदै रसियन पर्वतारोहीले नेपालप्रति देखाएको सद्भाव र मायाप्रति धन्यवाद व्यक्त गर्नुभयो। संघका अध्यक्ष जीवा लामिछानेले सगरमाथा आरोहीका बारेमा रोचकपूर्ण तथ्यहरू राख्नुभएको थियो। कार्यक्रममा राजदूत डा. सापकोटाले पर्वतारोहीहरूलाई नेपाली टोपी लगाइदिएर सम्मान गर्नुभएको थियो।



गृष्मकालीन सामुद्रिक भ्रमणको क्रममा काबुर्गे शहरको तटमा १ जुलाई २०१२ मा आयोजित कार्यक्रममा सहभागी नेपालीहरु। नेपालीहरूबीच आपसी सद्भाव बढाउन एनआरएन फ्रान्सद्वारा हरेक वर्ष यस्तो कार्यक्रम आयोजना गरिन्छ।



## जापानमा नेपाल महोत्सव

**एनआरएन** जापानको आयोजनामा टोकियोस्थित योयोगी पार्कमा दुईदिने नेपाल महोत्सव सम्पन्न भयो। महोत्सव शुभारम्भ कार्यक्रममा जापानका लागि नेपाली राजदूत डा. मदनकुमार भट्टराईले जापान-नेपाल सिधा हवाई सेवा शुरु हुन लागेकोले जापानीहरुलाई बुद्धको जन्मस्थल पुग्नको लागि प्रेरित गर्न सबैलाई आग्रह गर्नुभयो।

नेपाल-जापान सोसाइटीका अध्यक्ष कोजिमा मात्सुआकी, नेपालका लागि पूर्वजापानी राजदूत तथा लुम्बिनी भ्रमण वर्ष २०१२ का सद्भावनादूत मिजुनो ताकेसी, एनआरएनए आईसीसी कोषाध्यक्ष भुवन भट्ट, एनआरएन एशिया प्यासिफिकका उपसंयोजक किरणविक्रम थापा लगायतले नेपाल-जापान सम्बन्धलाई अझ बलियो बनाउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने भएकोले यस्ता कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्नुभयो। एनआरएन जापानका अध्यक्ष ओम गुरुङले सहभागीहरुलाई धन्यवाद दिनुभयो।

## थाइल्याण्डमा लुम्बिनी भ्रमण वर्ष

**एनआरएनए** थाइल्याण्ड र नेपाली दूतावासको संयुक्त आयोजनामा थाइल्याण्डको पर्यटकीय नगर पतयामा विभिन्न कार्यक्रम गरेर लुम्बिनी भ्रमण वर्ष २०१२ मनाइएको छ। जुलाई ७ मा बुद्धका मूर्तिलाई गौतम बुद्ध र लुम्बिनीका बारेमा जानकारी लेखिएका ब्यानर र मालाले सिंगारिएको रथमा राखेर नगर परिक्रमा गर इएको थियो भने लुम्बिनी भ्रमण वर्ष- २०१२ लेखिएका टि–सर्ट लगाएर गैरआवासीय नेपालीहरूले रथयात्रामा सहभागिता जनाएका थिए। संघ थाइल्याण्डका अध्यक्ष मनोज राना, उपाध्यक्ष धर्मन्द्र सुवेदी लगायत पदाधिकारी एवं सदस्यहरू र थाइल्याण्डमा बस्ने नेपालीहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा उपस्थित थाई पर्यटन व्यवसायीहरुले बौद्ध धर्मावलम्बीलाई लुम्बिनी पठाउन सक्दो भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गरेका थिए।





एनआरएन सल्लाहकार बोर्डको पहिलो बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दिपेन्द्रबहादुर क्षेत्री, एनआरएनका अध्यक्ष जीवा लमिछानेलगायत ।

# एनआरएनको सरोकारमा सरकारी चासो

सरकारले गठन गरेको गैरआवासीय नेपाली सल्लाहकार बोर्डको पहिलो बैठक १५ अगष्ट (३१ श्रावण) काठमाडौंमा बस्यो। गरैआवासीय नेपाली ऐनको दफा १५ ले व्यवस्था गरेअनुरूप गठन गरिएको सल्लाहकार बोर्डमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष नेतृत्वको बोर्डमा अर्थ, परर ाष्ट्र, उद्योग मन्त्रालयका सचिव, राष्ट्र बैंकका गर्भनर, प्रधानमन्त्रीका आर्थिक सल्लाहकार, एनआरएनका अध्यक्ष जीवा लामिछाने लगायत सदस्य हुनुहन्छ ।

गैरआवासीय नेपालीसम्बन्धी काम गर्न सरकारले बनाएको यो सबैभन्दा उच्च निकायको पहिलो बैठकले कार्यसूचीको अनुमोदन गर्नुका साथै बोर्डको सचिवालयको रूपमा रहेको परराष्ट्र मन्त्रालय, बहुपक्षीय आर्थिक कूटनीति महाशाखाको तर्फबाट गैरआवासीय नेपालीसम्बन्धी ऐन तथा नियम र अहिले भइरहेका सेवाबारे जानकारी गराइएको थियो ।

बैठकले गैरआवासीय नेपालीसम्बन्धी नियमावली, २०६६ बमोजिम बोर्डको बैठकसम्बन्धी कार्यविधि निर्धारण गर्दै एनआरएनको परिभाषा, परिचयपत्र तथा गैरआवासीय नेपाली संघको दर्ता, गैरआवासीय नेपालीले नेपालमा उद्योग व्यवसाय सञ्चालन गर्न पाउने सुविधा, नेपाली मूलका विदेशी नागरिकले नेपालमा जग्गा वा अचल सम्पत्ति खरीद गर्ने सुविधा, बोर्डको कार्यक्रम तर्जुमा तथा अन्य समसामयिक विषयहरूमा छलफल भएको बोर्डका सदस्य एवं एनआरएनका अध्यक्ष जीवा लामिछानेले जानकारी दिनुभयो ।

बैठकले परिभाषाको विषयलगायत अन्य कानूनी कुराहरूलाई के-कसरी अगाडि बढाउने भन्नेबारे राय सल्लाह पेश गर्न गैरआवासीय नेपाली संघको प्रतिनिधिसमेत रहने गरी परराष्ट्र तथा कानून मन्त्रालयको प्रतिनिधि रहेको तीन सदसीय कमिटी गठन गरेको छ । जसले ७ दिनभित्र आफ्नो राय परिषद्मा पेश गर्नेछ । यस कमिटीले राय दिइसकेपछि परिषद्को अर्को बैठक बस्ने निर्णय भएको छ ।

## नेपाली नागरिकता निरन्तरताको अभियान

**संविधान** जारी हुने प्रक्रिया अवरुद्ध भएसँगै एनआरएनहरूको प्रमुख सरोकार बनेको 'नेपाली नागरिकता निरन्तरता'को विषय पनि अन्योलमा परेको छ । दोहोरो नागरिकतासम्बन्धी कार्यदलको पहलमा भएका विभिन्न अभियान र छलफलबाट नागरिक समाज, कानूनविद्देखि प्रमुख दलका प्रमुख नेताहरूसम्म सहमत भएर आन्तरिक रूपमा बनाइएको संविधानको मस्यौदामा समेत उल्लेख गरिएको थियो । कार्यदलका संयोजक रामप्रताप थापाले संविधान जारी भएको अवस्थामा यो विषय उल्लेख हुने निश्चित थियो भन्दै अब कुनै प्रक्रियाबाट संविधान जारी हुँदा पनि यो विषय उल्लेख गराउन अभियान जारी राख्ने बताउनुभयो ।

कार्यदलले संविधानसभा रहेको अवस्थामा सभासद्, प्रमुख दलका नेता, प्रधानमन्त्री, सभामुख, मन्त्रीहरुलाई व्यक्तिगत र सामूहिक रूपमा भेटेर नेपाली नागरिकताको निरन्ततारको आवश्यकताका बारेमा सहमत गरेको थियो भने कानूनविद्, सञ्चारकर्मी र तत्कालीन सभासद्हरूसँग पटकपटक सामूहिक छलफल गरेको थियो । त्यस्ता छलफलपछि सहमत भएका प्रमुख नेताहरुलाई संविधानमा उल्लेख गर्ने विषय मागअनुसार कार्यदलले लिखित रूपमा दिएको थियो ।

कार्यदलका सह-संयोजक हितमान गुरुङले भन्नुभयो, "संविधानविद्हरूसँगको छलफलमा हामीले संविधानमा लेख्ने विषयमात्रै दिएका थियौं जुन विभिन्न समितिबाट पारित भएर अन्तिममा संविधानमा उल्लेख हुन मात्रै बाँकी भएको थियो ।"

## अमेरिकामा नेपालका व्यवसायीसँग छलफल

**गैरआवासीय** नेपाली संघ अमेरिकाले नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्शका प्रतिनिधहरूसँग अमेरिकाका विभिन्न शहरमा अन्तर्क्रिया गरेको छ । गत मेमा बोस्टनमा विदेशमा नेपाली सामानहरूको प्रवर्द्धनबारे छलफल भएको थियो भने वाशिङ्गटन डिसीमा निजीक्षेत्रले नेपालको आर्थिक विकासमा गर्दै आएको योगदानलाई थप बलियो बनाउन यहाँका गैरआवासीय नेपालीहरूसँग गर्न सकिने सहकार्यको बारेमा छलफल भएको थियो। छलफलमा महासंघका अध्यक्ष सुरज वैद्य एवं निजी क्षेत्रका व्यवसायी, अमेरिकाका क्षेत्रीय सह-संयोजक राम खरेल र एनसीसी अमेरिकाका पदाधिकारीहरूको सहभागिता रहेको थियो । यसैगरी उक्त प्रतिनिधिमण्डलसँग न्युयोर्क र बोष्टनमा पनि छलफल गरिएको थियो । यसअघि एनआरएन अमेरिकाले उद्योगमन्त्री अनिलकुमार झाको उपस्थितिमा लसएन्जेलसमा नेपालको पयर्टन प्रवर्द्धनसम्बन्धी कार्यक्रमको आयोजना गरिएको थियो।

## दूतावासहरूमा एनआरएन डेस्क

**परराष्ट्र** मन्त्रालयले गैरआवासीय नेपालीसम्बन्धी विषय हेर्न नेपाली राजदूतावासहरूमा फोकल प्वाइन्ट तोक्न दूतावासहरूलाई निर्देशन दिएको छ । जसअनुसार अमेरिका र जापानस्थित नेपाली दूतावासहरूले उपनियोग प्रमुख क्रमश: अर्जुनकान्त मैनाली र तपस अधिकारीलाई सम्पर्क व्यक्तिको जिम्मेवारी तोकेको छ।

## अध्यक्ष लामिछाने इटालीमा



**एनआरएन** इटालीको तेस्रो साधारणसभा संघका अध्यक्ष जीवा लामिछानेको उपस्थितिमा सम्पन्न भयो। कार्यक्रममा अध्यक्ष लामिछानेले एकसय मेगावाटको विद्युत परियोजना संयुक्त लागानीको अवधारणा अनुसार अगाडि बढाउन लागिरहेको बारेमा जानकारी दिंदै लगानीको लागि तयार रहन सबैलाई आग्रह गर्नुभयो। युरोपका क्षेत्रीय संयोजक कुमार पन्त लगायतको उपस्थिति रहेको साधारणसभामा एनआरएन इटालीका अध्यक्ष डा. अनिल भट्टराईले प्रगति र भविष्यका योजनाका बारेमा जानकारी दिनुभएको थियो ।

यसैबीच एनआरएन इटालीको पहल र सहयोगमा सहयोग आदानप्रदान गर्न सम्झौता गरेका पादोभा विश्वविद्यालय र पोखरा विश्वविद्यालयबीच थप समझदारी भएको छ। थप समझदारी अनुसार, प्रत्येक वर्ष नेपालका २ जना डाक्टरलाई फेलोसिफ दिने, फार्मेसी विषयका प्राध्यापक र विद्यार्थीको ज्ञान आदानप्रदान गर्न तथा पोखरा विश्वविद्यालयको मेडिकल कलेज स्थापना गर्न प्राविधिक र प्राज्ञिक सहयोग गर्ने लगायत रहेका छन्।

## लण्डनमा खेलाडीको सम्मान

**ओलम्पिकमा** सहभागी नेपाली खेलाडीहरू तथा पहिलो ओलम्पियन भूपेन्द्र सिलवाललाई लण्डनमा सम्मान गरिएको छ। गैरआवासीय नेपाली संघ युके, नेपाली फुटबलमा योगदान गर्दै आएको सहारा युके, अन्तर्राष्ट्रिय नेपाली तेक्वान्दो संघ (इन्टा) युकेद्वारा आयोजित कार्यक्रममा बेलायतका लागि नेपाली राजदूत डा. शुरेशचन्द्र चालिसेले ओलम्पिकमा नेपाली खेलाडीको सहभागिताले पनि देशको इज्जत बढेको बताउनुभयो।

एनआरएन युकेका अध्यक्ष कुल आचार्यको सभापतित्वमा सम्पन्न कार्यक्रममा एनआरएन अन्तर्राष्ट्रिय समन्वय परिषद्का संरक्षक प्रो. डा. सूर्य सुवेदी, प्रवक्ता डा. हेमराज शर्मा, क्षेत्रीय उपसंयोजक लक्ष्य गुरुङ, आइसीसी सदस्य विश्वआदर्श पण्डित, नेपाल ओलम्पिक कमिटीका पदाधिकारीहरू र प्रशिक्षकहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा आयोजक लगायत विभिन्न संस्था र व्यक्तिबाट संकलित करीब ४ लाख रुपैयाँ पहिलो ओलम्पियन सिलवाललाई प्रदान गरिएको थियो ।



## मैनालीको रिहाइले नेपाली खुसी

**एक** जापानी महिलाको हत्या अभियोगमा १५ वर्षदेखि बन्दी जीवन बिताइरहेका गोविन्दप्रसाद मैनाली टोकियो उच्च अदालतको आदेशमा जापानको जेलबाट रिहा भएपछि नेपाली समुदाय खुसी भएको छ । मैनाली २०१२ जुन १६ तारिख शुक्रबार दिउँसो सपरिवार स्वदेश फर्कनुभएको छ। उहाँको मुद्दामा पुनरावलोकन नगर्न सरकारी वकिलले दिएको रिटलाई टोकियो उच्च अदालतले गत जुलाई ३१ मा खारेज गरिदिएको छ। अदालतको पछिल्लो निर्णयसँगै सरकारी वकिलले यो मुद्दालाई लिएर अब सर्वोच्च नजाने निर्णय अगस्ट २ तारिखमा सार्वजनिक गरेसँगै मैनालीको मुद्दाको पुनरावलोकन छिट्टै शुरु हुने र सम्भवत: एक वर्षभित्रै अन्तिम फैसला भएर मैनाली निर्दोष सावित हुने विश्वास मैनाली सहयोग समितिका नेपाली तर्फका प्रमुख प्रतिनिधि तथा एनआरएन जापानका संस्थापक अध्यक्ष राजन प्रधानांगले व्यक्त गर्नुभयो ।

# बाढी र आगलागी पीडितलाई सहयोग

**कास्कीको** पोखरास्थित सेती नदीमा आएको बाढी र सिरहाको औरहीमा भएको आगलागी पीडितहरूलाई संघले पटक पटक गरी १२ लाख ३४ हजार १ सय २७ रुपैयाँ आर्थिक सहयोग गरेको छ।

परोपकारी परियोजनाले २ जुलाई र १३ अगस्टमा काठमाडौंमा गरेको कार्यक्रममा संघका अध्यक्ष एवं परोपकारी कार्यदलका सभापति जीवा लामिछानेले क्रमश: ८ लाख १७ हजार ६ सय ४२ र ४ लाख १६ हजार ४८५ रुपैयाँको चेक हेल्प नेपाल नेटवर्क मार्फत बाढी र अग्निपीडितका लागि हस्तान्तरण गर्नुभयो। कार्यक्रममा संघका अध्यक्ष लामिछानेले आगामी दिनहरूमा संघले यस प्रकारका सहयोगहरूलाई निरन्तरता दिने बताउनुभयो।

हस्तान्तरण गरिएको उक्त रुपैयाँ संघको परोपकारी परियोजनाबाट ४५ हजारसहित एनआरएन जापानबाट २ लाख २७ हजार ३ सय १५, एनआरएन कुवेतबाट १ लाख २५ हजार, एनआरएन रसियाबाट १ लाख १० हजार, एनआरएन न्युजिल्याण्डबाट ८७ हजार १५, एनआरएन डेनमार्कबाट ५७ हजार ६ सय ४६, एनआरएन लेवनानबाट ५० हजार ६६, एनआरएन नाइजेरियाबाट ३५ हजार ६ सय, एनआरएन युएईबाट ८० हजार रुपैयाँ सहयोगस्वरूप प्राप्त भएको हो।

त्यसैगरी एनआरएन फ्रान्सबाट ५१ हजार ७ सय ७७, एनआरएन मकाउबाट ८१ हजार, एनआरएन बेल्जियमबाट ९२ हजार ९२४, एनआरएन कतारबाट १,९०, ७८४ सहयोग रकम प्राप्त भएको हो।

गत मे (वैशाख) मा सेती नदीमा आएको बाढीमा परेर ४० जनाको मृत्यु भएको र अहिलेसम्म ३२ जना बेपत्ता रहेको जिल्ला प्रशासन कार्यालय कास्कीका अधिकृत रामजी कोइरालाले बताउनुभयो। पर्यटकीय नगरी पोखराको नजिकै रहेको सार्दीखोला र माछापुच्छ्रे गाविसका स्थानीयसँगै त्यस आसपासमा घुम्न गएका पर्यटकहरू बाढीमा परेका थिए भने सयौं रोपनी खेतीयोग्य जग्गा बगाएको थियो।

त्यस्तै सिरहाको औरहीमा गत मे १५ (जेठ २) मा भएको आगलागीबाट ७७० वटा घर पूर्ण रूपमा जलेर नष्ट भएका थिए। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सो आगलागीमा १५ करोड रुपैयाँ भन्दा बढीको क्षति भएको थियो। ■

# एनआरएन युकेद्वारा १८ लाख सहयोग

**अध्ययनको** क्रममा बेलायतमा मृत्यु भएका पर्वत जिल्लाका अमृत बरुवालका पिता सुरत बरुवाललाई एनआरएन युकेले १८ लाख रुपैयाँ सहयोग गरेको छ। काठमाडौंमा आयोजित एक कार्यक्रममा उक्त रकम हस्तान्तरण गर्दै संघका जीवा लामिछानेले मानवीय सहयोग गरेकोमा एनआरएन युकेलाई धन्यवाद दिनुभयो।

यसैगरी ब्लड क्यान्सरबाट पीडित १४ वर्षीय नितिश खरेलको उपचारका लागि डेनमार्कमा रहनुभएका गैरआवासीय नेपालीहरूले आर्थिक सहयोग गर्नुभएको छ। नेपालन्यूजटाइम डटकमको समेत सक्रियतामा संकलन भएको ४८ हजार रुपैयाँ पीडित बालकका पिता लालमणि खरेललाई सञ्चारकर्मी गजेन्द्र बुढाथोकी र एनआरएनका कार्यकारी निर्दशक राजेश राणाले एक कार्यक्रमबीच हस्तान्तरण गर्नुभयो।

# एनआरएन साउदीद्वारा अनाथ बालबालिकालाई सहयोग

गैरआवासीय नेपाली संघ, साउदी अरबको क्षेत्रीय कमिटी कतिफले अनाथ बालबालिकाको हितको लागि नेपाल मानवअधिकार तथा द्वन्द्वपीडित प्रतिष्ठान मार्फत रु.५० हजार सहयोग प्रदान गरेको छ। काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा उक्त संस्थाका अध्यक्ष सीता सिवाकोटीलाई एनआरएन साउदी अरबका पूर्वसदस्य नारायण वाग्लेले उक्त रकम हस्तान्तरण गर्नुभयो। एनआरएन साउदी अरबका अध्यक्ष धरम केसीको नेतृत्व र क्षेत्रीय कमिटी कतिफको सक्रियतामा एक सांस्कृतिक कार्यक्रम गरी उक्त रकम संकलन गरिएको थियो।

# वैदेशिक रोजगारीका विषयमा कतारमा अन्तर्क्रिया



**वैदेशिक** रोजगारीमा जाँदाको समस्या र त्यसको समाधानको विषयमा एनआरएन कतारले सरकारका उच्च अधिकारीसँग अन्तर्क्रिया गरेको छ। कतारका लागि नेपाली राजदूत डा. मायाकुमारी शर्मासहित श्रमसचिव सोमलाल सुवेदी नेतृत्वको सरकारी टोलीसँग गरिएको अन्तर्क्रिया कार्यक्रममा सचिव सुवेदीले वैदेशिक रोजगारीका क्रममा थोरै बेइमानले गलत गर्दा धेरै इमानदारले दु:ख पाएको भन्दै श्रमसम्बन्धी हरेक पक्षमा सरकारले गम्भीर भएर काम गरिरहेको बताउनुभयो।

कतारका लागि नेपाली राजदूत डा. मायाकुमारी शर्माले श्रमिकका समस्या समाधानको लागि दूतावाससँग समन्वय गरेर अगाडि बढ्न सबैलाई आह्वान गर्नुभयो। वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष बलबहादुर तामाङले 'इन्डिभिजुअल भिसा'लाई पूर्ण रूपमा नै प्रतिबन्ध लगाउनुपर्नेमा जोड दिनुभयो।

एनआरएन अन्तर्राष्ट्रिय समन्वय परिषद्का सचिव टिबी कार्कीले राज्यले मागेको मापदण्ड पूरा गरेपछि दूतावासले सेवाग्राहीहरूलाई सहज अवस्था सिर्जना गरिदिनुपर्ने बताउनुभयो। कमलमणि गुरागाईंले नेपाल सरकारले विगतका केही महिनादेखि इन्डिभिजुअल भिसाको लागि नाता प्रमाणितको कागजातहरू पेश गर्नुपर्ने नयाँ नीति ल्याए पनि पर्याप्त नभएको बताउनुभयो। एनआरएन दोहा, कतारका अध्यक्ष अमृत गुरुङले अन्तर्क्रियामा उठेका विषयलाई सबै पक्षले व्यवहारमा उतार्न सके श्रमिकका धेरै समस्या समाधान हुने बताउनुभयो।

# सामूहिक लगानीलाई युएईमा साढे तीन करोड

**संघले** सामूहिक लगानीको अवधारणाबाट नेपालमा जलविद्युत उत्पादनमा लगानी गर्नका लागि रकम संकलन गर्ने अभियान शुरु गरेसँगै एनआरएन युएईले एकै दिनमा साढे तीन करोड रुपैयाँ संकलन गरेको छ। ३ अगष्ट २०१२ मा भएको समूहिक लगानीसम्बन्धी अन्तर्क्रिया कार्यक्रम गरी रकम संकलन गरिएको हो।

कार्यक्रममा सामूहिक लगानी कार्यदलका सदस्य चन्द्र रोकायाले एनआरएन इन्भेस्टमेन्ट कम्पनी दर्ता प्रक्रियको अन्तिम चरणमा रहेको भन्दै कम्पनी दर्ता भएपछि न्यूनतम १ लाखदेखि १ करोडसम्म लगानी गर्न सकिने जानकारी दिनुभयो।

मध्यपूर्व सहसंयोजक लोकनाथ सुवेदीले एनआरएनले जलविधुतमा मात्र नभएर अन्य क्षेत्रमा पनि लगानी गरिरहेको जानकारी दिनुभयो। युएईका विभिन्न प्रान्तबाट आएका नेपालीहरूले थोरै रकम लगानी गर्ने प्रक्रिया, त्यसको सुरक्षा र मुनाफाको बारेमा जिज्ञासा राखेका थिए। छलफलमा उठेका विषयहरूमा एनसीसी युएईका अध्यक्ष चन्द्र रोकाय, आईसीसी सदस्य छत्र लामा, चुणामणि ढकाल, सामूहिक लगानी युएईका संयोजक प्रदिप पौडेल लगायतले प्रष्ट पार्नुभएको थियो।

# इजरायलमा राजदूतको स्वागत

**एनआरएन** इजरायलले जुलाई १४ मा इजरायलका लागि नवनियुक्त राजदूत प्रल्हादकुमार प्रसाईंको स्वागत तथा परिचयात्मक कार्यक्रम गऱ्यो। नेपाली दूतावासका काउन्सिलर तथा उपनियोग प्रमुख रमेशप्रसाद खनाललगायत कार्यक्रममा इजरायलमा रहेका विभिन्न सामाजिक संघ, संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो।

# रुसमा एकै दिनमा ३२ करोड संकलन

**नेपालमा** जलविद्युतको क्षेत्रमा सामूहिक लगानी गर्ने उद्घोष गरेको संघले रकम संकलन कार्य रसियाबाट शुरु भएको छ। लगानीको लागि करीब ५ अर्ब रुपैयाँ संकलन गर्ने लक्ष्यसँगै २२ जुलाईमा मस्कोबाट यो अभियान शुरु गरिएको हो। त्यस कार्यक्रममा एनआरएन रसियाले एकै दिनमा ३२ करोड रुपैयाँ संकलन गरेको छ।

नेपाली राजदूत डा. रविमोहन सापकोटाले व्यक्तिगतभन्दा सामूहिक लगानी बढी सुरक्षित हुने भन्दै जलविद्युत उत्पादनको क्षेत्रमा गरिएको लगानी दिगो महत्वको भएको उल्लेख गर्नुभएको थियो। संघका अध्यक्ष जीवा लामिछानेले ९ वर्षअघि गैरआवासीय नेपाली अभियान शुरु हुनासाथै सामूहिक लगानीको परिकल्पना गरिएको र पहिलेदेखि नै त्यसलाई मूर्तरूप दिने प्रयास पनि भइरहेको बताउनुभयो। संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले विदेशमा बसेर नेपालको चिन्तन गरेर मात्रै नेपाल नबन्ने भन्दै कमाइको केही भाग देश विकासमा लगानी गर्न आह्वान गर्नुभयो।

संस्थापक अध्यक्ष डा. महतोले शेयर बिक्री गर्न चाहनेको शेयर किनिदिने र विश्वभरिबाट जति रकम संकलन हुन्छ त्यति नै थप रकम आफूले लगानी गर्ने घोषणा गर्नुभयो। एनआरएन अन्तर्गतको सामूहिक लगानी समितिका संयोजक डा. मणिराज पोखरेलले तोकिएको समयावधिसम्ममा लगानी अभियानमा रुसबाट धेरै नेपाली थपिने दावी गर्नुभयो।

# गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पछिल्ला गतिविधि

**२०१२ मे २०:** खुला विश्वविद्यालय पूर्वाधार विकास समिति (गठन) आदेश २०६९ को दफा ३ अनुसार समितिको एनआरएनको तर्फबाट क्यानाडाका आइसीसी सदस्य डा. प्रमोद ढकाल सदस्यमा नियुक्त ।

**२०१२ मे २३:** नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको शान्ति सद्भाव सभामा संघका पदाधिकारीहरूको सहभागिताका साथै शान्ति र सद्भावको लागि दीप प्रज्वलन ।

**२०१२ जुन ३:** संघका उपाध्यक्ष रामेश्वर शाहद्वारा परराष्ट्र मन्त्रालयका प्रतिनिधिसँग भेटघाट । भेटघाट गैरआवासीय संघको दर्ताबारेमा केन्द्रित ।

**२०१२ जुन १:** देखि सञ्चालन भएको पाँचौं गैरआवासीय नेपाली संघ युरोपियन क्षेत्रीय बैठक जुन ३ मा ११ वटा निर्णय जारी गरी नेदरल्याडसको आम्सटरर्डममा सम्पन्न । सो सम्मेलनमा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु, सदस्यहरु, एनसीसीका प्रतिनिधिहरूका साथ २०० भन्दा बढी गैरआवासीय नेपालीहरूको सहभागिता थियो ।

**२०१२ जुन १६:** कार्यकारी सचिवालयको आठौं बैठक सम्पन्न । बैठकमा मुख्यतया: गैरआवासीय नेपाली संघ दर्ता, विधान शंसोधन, सातौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन, नेदरल्याण्डसमा सम्पन्न भएको युरोप क्षेत्रीय बैठक, वैदेशिक रोजगारका साथै अन्य कार्यदलका कुराहरूमा छलफल गरियो ।

**२०१२ जुन १७:** वैदेशिक रोजगार कार्यदलको टोलीले श्रम सचिव र परराष्ट्र सचिवलाई मन्त्रालयमा गएर वैदेशिक रोजगार र दूतावास स्थापनाको लागि ज्ञापनपत्र बुझाइयो । सो टोलीमा संघका उापध्यक्ष रामेश्वर शाह, महासचिव तेञ्जी शेर्पा, सचिव टीबी कार्की, मध्यपूर्वका संयोजक नरेन्द्रकुमार भाटको सहभागिता थियो ।

**२०१२ जुन १८:** आ.व. २०६९/०७० को लागि संघको नेपाल सरकारको बजेटमा नीतिगत व्यवस्था गर्नुपर्ने सुझावहरु अर्थसचिवसमक्ष पेश ।

**२०१२ जुन २६:** नेपाल उद्योग वाणिज्य महासंघले गरेको आ.व २०६९/०७० को बजेटको लागि निजी क्षेत्र सुझावसम्बन्धी कार्यक्रममा संघका उपाध्यक्ष रामेश्वर शाह र महासचिव तेञ्जी शेर्पाको सहभागिता भयो ।

**२०१२ जुलाई ४:** प्रधानमन्त्रीको आर्थिक सल्लाहकार परिषद्को तेस्रो बैठक सम्पन्न ।

**२०१२ जुलाई ४:** गैरआवासीय नेपाली संघ र जाइका प्रतिनिधिहरूबीच एक अनौपचारिक बैठक सम्पन्न । मुख्यत: गैरआवासीय नेपाली संघको क्रियाकलाप र लगानीबारे छलफल । सो बैठकमा जाइका प्रतिनिधिहरूमा ताकेशी किकाची, सिन्जी आसानु, हिसान सिसिलो र गोपाल गुरूङ र गैरआवासीय नेपाली संघबाट महासचिव तेञ्जी शेर्पा र कार्यकारी निर्देशकको सहभागिता ।

**२०१२ जुलाई ११:** गैरआवासीय नेपाली संघका प्रतिनिधिद्वारा पर्यटन मन्त्री र पर्यटन सचिवसँग भेटघाट । नेपालको पर्यटन प्रवर्द्धनका साथै लुम्बिनी भ्रमण वर्षको बारेमा छलफल ।

**२०१२ जुलाई ११:** नेपालका निजी क्षेत्रका व्यवसायीहरू र चिनियाँ उद्योगपतिहरूबीच छलफल कार्यक्रम सम्पन्न । महासचिव तेञ्जी शेर्पाले संचालन गर्नु भएको कार्यक्रममा नेउवामहासंघका अध्यक्ष सुरज वैद्य र कार्यसमितिका सदस्यहरू, बैंकिङ क्षेत्रका प्रतिनिधिहरू गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक देवमान हिराचन, संरक्षक भीम उदास, उपाध्यक्ष रामेश्वर शाहका साथै सञ्चारकर्मीहरूको सहभागिता ।

**२०१२ जुलाई ११:** नेपालका निजी क्षेत्रका व्यवसायीहरु र चिनियाँ उद्योगपतिहरूबीच छलफल कार्यक्रम सम्पन्न ।

**२०१२ जुलाई १३:** प्रस्तावित नेपाल खुला विश्वविद्यालयको व्यावसायिक योजनाको आधारपत्र प्रस्तुत गर्न शिक्षा मन्त्रीको अध्यक्षतामा एक गोष्ठीको आयोजना शिक्षा मन्त्रालयमा गरियो । सो गोष्ठीमा संघका महासचिव, खुला विश्वविद्यालय पूर्वाधार विकास समितिका प्रतिनिधि एवं आइसीसी सदस्य डा. प्रमोद ढकालको सहभागिता ।

**२०१२ जुलाई १९:** देखि परराष्ट्र मन्त्रालयद्वारा लागू हुने गरी विदेशस्थित नेपालका दूतावास तथा कुटनीतिक नियोगमा एनआरएन डेस्क स्थापनाको लागि परिपत्र जारी ।

**२०१२ जुलाई २४:** धितोपत्र बोर्डमा एक छलफल कार्यक्रम सम्पन्न । कार्यक्रममा संघका उपाध्यक्ष रामेश्वर शाह, संरक्षक भीम उदास र सचिवालयका कार्यकारी निर्देशकको सहभागिता ।

**२०१२ अगस्ट ७:** राष्ट्रिय समन्वय समितिवाट लिइएको परामर्श र तत्पश्चात भएको अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकको निर्णयअनुसार संघको दर्तासम्बन्धी कार्यदलले सम्पूर्ण प्रक्रिया टुंग्याई गैरआवासीय नेपाली संघ नेपालमा कानूनीरूपमा दर्ता गर्न नेपाल सरकारसमक्ष एक पुन: निवेदन पेश ।

**२०१२ अगस्ट १५:** संघका अध्यक्ष जीवा लामिछाने एनआरएन सल्लाहकार बोर्डको बैठकमा सहभागी । एनआरएनका विषयमा विभिन्न पक्षसँग भेटघाट तथा छलफल ।

# 'यो प्रवासका नेपालीहरूको सबैभन्दा ठूलो जमघट हो'

**अष्ट्रेलियामा हुने सातौं क्षेत्रीय सम्मेलनलाई 'ग्रान्ड नेपाल फेस्टिभल–२०१२' का रूपमा समेत मनाउने तयारी गरिएको छ। ३० अगष्ट–१ सेप्टेम्बरसम्म सिड्नीमा रहेको मेञ्जिज आइकनिक होटलमा चल्ने सम्मेलनको बारेमा सातौं एनआरएन क्षेत्रीय सम्मेलनका संयोजक मन खत्रीसँग गरिएको कुराकानी।**



### एनआरएनको यो क्षेत्रीय सम्मेलनको तयारी कसरी भइरहेको छ ?

यो सम्मेलन देशबाहिर हुनेमध्येको नेपाली डायस्पोराको सबैभन्दा ठूलो इभेन्ट हो। विश्वभरका एनआरएनका लिडर, सामाजिक कार्यकर्ता र विजनेश लिडर र सञ्चारकर्मी साथीहरू समावेश भएको २०० भन्दा बढी व्यक्ति सहभागी मूल आयोजक समिति गठन भएको छ। त्यस्तै स्थानीयस्तर र अन्तर्राष्ट्रिय स्तरका विभिन्न समितिहरूबाट पनि आ–आफ्नो तर्फबाट सम्मेलन सफल बनाउने तयारी भएका छन्।

### क्षेत्रीय सम्मेलनको मुख्य मुद्दा के हो ?

यस पटकको सम्मेलन देशबाहिर रहेका नेपालीहरूले आफूले सिकेका ज्ञान, सीप र आर्जेको पूँजीलाई मिलाएर नेपाल र नेपालीको हितमा प्रयोग गर्ने साथै आफ्नो पनि केही आर्थिक पारस्परिक फाइदा होस् भन्ने विषयमा केन्द्रित छ। हामीले 'समृद्ध नेपालका लागि लगानी र सिर्जनशीलता' भन्ने मूल नारा तय गरेका छौं।

### सम्मेलनमा डायस्पोरामा रहेका नेपालीहरूको सहभागिता कस्तो होला ?

यो प्रवासमा रहेका नेपालीहरूको सबैभन्दा ठूलो जमघट हो। यो सम्मेलनलाई भव्य बनाउन हामीले संसारभरि रहेका नेपालीहरूलाई खबर गरेका छौं। करीब ३० देशमा औपचारिक निमन्त्रणा गरिएको छ। नेपाल सरकारका सम्बन्धित मन्त्रीहरू, राजदूतहरू, उद्योगी, व्यवसायी, बुद्धिजीवी र पत्रकार मित्रहरूको यो सम्मेलनमा सहभागिता रहने छ।

### सामूहिक लगानीको खुबै चर्चा भैरहेको सन्दर्भमा सातौं सम्मेलनमा यो विषयले कत्तिको प्राथमिकता पाउँछ ?

इन्टरनेशनल कोर्डिनेशन कमिटी र हाम्रो अध्यक्ष जीवा लामिछानेले अगाडि सारेका कुरा सामूहिक लगानीलाई कार्यान्वयन गर्नुपर्छ भन्ने हो। त्यसमा प्रमुख प्रोजेक्टको रूपमा जलविद्युत क्षेत्रमा लगानी गर्ने कुरा भएको छ र संसारभर विभिन्न क्षेत्र र देशहरूमा पालैपालो सामूहिक लगानीका सेमिनारहरू इन्फर्मेशन सेसनहरू भइरहेका छन्। यो क्षेत्रीय सम्मेलनले सामूहिक लगानीका थप क्षेत्रहरूको पहिचान गर्ने र नेपालमा भित्र्याउनेबारे अझ बढी बहस गर्नेछ।

### अन्य सम्मेलन भन्दा अष्ट्रेलियाको यो सम्मेलन किन पृथक रहन्छ ?


हामीले एनआरएन अभियानको शुरुका दिनदेखि नै विभिन्न नवीनतम कुराहरू अगाडि सारेका छौं। विगतका दिनहरूमा जस्तो ग्रान्ड नेपाल फेस्टिभल भनेर २००६ मा हामीले अस्ट्रेलियामा पहिलो चोटी गरेका हौं। यो अहिले प्राय: सवै विदेशमा बस्ने नेपालीले गर्ने इभेन्ट भएको छ। स्किल्ड नलेज र इनोभेटिभ स्कील ट्रान्सफर जुन अस्ट्रेलिया लगायतका विभिन्न देशमा बसिरहेका नेपालीहरू जुन निजी र सरकारी उच्च ओहोदामा बसिरहेका छन्, जुन अनुभव हासिल गरेका छन्, त्यसलाई नेपालमा ट्रान्सफर गर्न सकियो केही हदमा भने नेपालको समृद्धिका लागि निकै ठूलो सहयोग हुन्छ। ■

## गैरआवासीय नेपाली दिवस मनाईंदै

अक्टोवर महिनाभरि आआफ्ना देशमा 'गैरआवासीय नेपाली दिवस' मनाउन संघले सबै राष्ट्रिय समन्वय परिषद्लाई निर्देशन दिएको छ। नेपालका सबै विकास क्षेत्रहरूमा च्यारिटीका परियोजनासहित गैरआवासीय नेपाली दिवस मनाइनेछ। यसका लागि संघका उपाध्यक्ष रामेश्वर शाहलाई संयोजक तोकिएको छ।




# सातौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनमा सहभागी सबैमा हार्दिक स्वागत गर्दछौं ।



**सम्मेलन आयोजक समिति तथा**

**गैरआवासीय नेपाली संघ, अष्ट्रेलिया**